कृषि, पशुपालन र पर्यटन विकासमा पूर्वाधार ।
प्रविधि हस्तान्तरण र सहकारी, समृद्ध मालारानीको मूल आधार ।।

# मालारानी बुलेटिन

२०७६

वर्ष : १ अङ्क : १ प्रथम/दोस्रो चौमासिक

श्रावणदेखि फाल्गुणसम्म




## सल्लाहकार

बालकृष्ण शर्मा आचार्य (अध्यक्ष)

प्रमिला क्षेत्री (उपाध्यक्ष)

## सम्पादन मण्डल

विष्णु घर्ती 'भनभनेली' (प्रमुख प्रशासकीय अधिकृत)

नेत्र प्रसाद खनाल (सूचना अधिकारी)

महेश भुसाल (रोजगार संयोजक/डिजाइनर)

email : malaraniruralmun@gmail.com website : www.malaranimun.gov.np

# शुभ-कामना ।

## अध्यक्ष, बालकृष्ण शर्मा आचार्य

यस गाउँपालिकालाई समृद्ध बनाउनका लागि चालू आ.व. २०७६/०७७ को आरम्भदेखि नै विभिन्न कार्यक्रमहरू सञ्चालन भएका छन् । सबै क्षेत्रमा भएका कार्यहरूको सिलसिलावद्द तरिकाले लिपिवद्द गर्नु रचनात्मक कार्य हो । आफूले गरेका कामलाई सर्वत्र रुपमा फैलाउनु अहिलेको आवश्यकता पनि हो । यही आवश्यकतालाई महशुस गरी मालारानी बुलेटिन प्रथम पटक प्रकाशन हुन थालेको खबरले हर्षविभोर बनाएको छ ।

विशेषगरि अहिले कार्यरत प्रमुख प्रशासकीय अधिकृत विष्णु घर्तीको सक्रियताले गर्दा यो बुलेटिन प्रकाशन गर्न सफल भएको हो । यस प्रकाशनमा समेटिएका विषयहरूले हामीलाई आगामी दिनमा गरिने कार्यमा अझ उत्प्रेरित गर्ने देखिन्छ । यस कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाउनु आवश्यक रहेको छ । यो बुलेटिन तयार गरी जनमानसमा प्रस्तुत गर्ने कार्यमा क्रियाशील सबैलाई धन्यवाद ज्ञापन गर्दै सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

## उपाध्यक्ष, प्रमिला क्षेत्री

यस गाउँपालिकाबासीका लागि गरिएका हरेक सेवाहरू जनताकै निम्ति कार्यपालिकाको कार्यालयबाट कार्यान्वयन हुने गर्दछन् । तिनै कामहरूलाई चौमासिक रुपमा एकै ठाउँमा राखेर प्रस्तुत गर्ने काम विभिन्न कारणहरूले गर्दा यसभन्दा पहिले हुन सकेको थिएन । अब ती बाधा अडचनलाई हटाउँदै अहिलेको कर्मचारी वर्गले कम्मर कसेर लागेको पाउँदा ज्यादैं खुशी लागेको छ ।

यो पत्रिकाले मालारानीको समृद्धिका लागि काम गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ । सबै कामको विवरण र कार्यालयको बारेमा विस्तृत जानकारीहरू समेटिएकोले सबै तह र निकायलाई उपयोगी हुने अवस्था रहेको छ । यस खालको उपयोगी बुलेटिन निकाल्ने राम्रो कामको लागि प्रमुख प्रशासकीय अधिकृतसहित सबै कर्मचारीहरूलाई हार्दिक धन्यवादसहित पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

## प्रकाशकीय/सम्पादकीय



मालारानी गाउँपालिका स्थापना भएदेखि क्षेत्रगत वा विषयगत कुराहरू प्रकाशन भए तापनि चौमासिक बुलेटिनको रुपमा प्रकाशन भएको पाइदैन । कार्यसम्पादन गरेका हरेक कार्यहरूको सार्वजनिकीकरण गर्नु कुनै पनि कार्यालयको दायित्व हो । यो कार्यालय स्थानीय सरकारको मूख्य कार्यालय पनि हो । यही कार्यालयबाट सरकारका कामहरू थाहा पाउनु आम नागरिकको अधिकार समेत हो । यसरी एउटा चौमासिकको कार्य प्रगतिले अर्को चौमासिकको कामका लागि मार्गनिर्देश पनि गर्दछ भन्ने कुरालाई केन्द्रमा राखेर दुई वटा चौमासिक प्रतिवेदनलाई एकै ठाउँमा समेटेर **मालारानी बुलेटिन** प्रकाशनको तयारी गरिएको हो ।

यो कार्य शुरुवातको चरण भएकोले केही ढिला र केही कमजोरी अवश्य पनि भएकै छन् । साउनदेखि कात्तिकसम्मको र मंसिरदेखि फागुनसम्मको संयुक्त चौमासिकका रुपमा पहिलो प्रयास गरिएको छ । यस आ.व.का लागि तय गरिएको वार्षिक नीति तथा कार्यक्रम र बजेटको परिधिमा रहेर सम्पादन गरिएका विकास निर्माण तथा अन्य कार्यलाई यस प्रकाशनमा राखिएको छ । यो प्रथम बुलेटिन तयार पार्ने क्रममा संलग्न सम्पूर्ण शाखा प्रमुखहरूलगायतका कर्मचारीहरू तथा सम्पूर्ण जनप्रतिनिधिहरू सबैमा यहाँहरूले पुर्‍याउँनु भएको अपूर्व सहयोगप्रति आभार प्रकट गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

## अर्घाखाँची जिल्ला परिचय

यो जिल्ला नेपालकै सुन्दर र शान्त छ । धार्मिक, साँस्कृतिक, भौगोलिक र वातावरणीय दृष्टिकोणले समृद्ध छ । नेपालका ७७ जिल्लाहरूमध्ये अर्घाखाँची प्राकृतिक सौन्दर्यता र भौगोलिक विविधताको धनी जिल्ला हो । यो जिल्ला सडक यातायातको पूर्वाधार विकासमा सम्भवत पहिलो जिल्ला मानिन्छ । यहाँका सबै गाउँपालिका र नगरपालिकाहरूका सबै वडामा सडक यातायातको सुविधा पुगेको छ । घरघरमा बिजुली बत्ती पुगेको छ । शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारीलगायतका विषयको विकासमा प्रयत्न र जमर्को भइराखेको छ । यस जिल्लाको पर्यटन र कृषिको विकासमा सरकारको पहिलो प्राथमिकता रहनु पर्दछ । यस जिल्लाका पर्यटकीय क्षेत्रहरूको बारेमा सूचना प्रवाहतर्फ ध्यान दिनु जरुरी हुन्छ । यसले गर्दा एकातिर पर्यटकीय क्षेत्रहरूको प्रबर्द्धन हुन्छ भने अर्कोतर्फ सरकारको तर्फबाट गर्नुपर्ने भूमिकामा समेत अभिवृद्धि हुन्छ । यस जिल्लाको पश्चिमतर्फ अर्घा, मालारानी, नरसिंहस्थान, राँगामारे, घेराको लेक, मध्य भागमा खाँचीकोट, सुपा देउराली, दुर्गाफाँट र पूर्वतर्फ ठाडा दहजस्ता क्षेत्रहरू महत्त्वपूर्ण छन् । यस जिल्लामा सुगम आवागमनका लागि यातायात व्यवस्थित बनाउने प्रयत्नहरू भइरहेका छन् । अर्घामा हवाई मैदान निर्माणको शुरुवात भएको छ ।

११९३ वर्ग कि.मि. क्षेत्रफलमा प्रदेश नं. ५ का १२ जिल्लामध्ये यस पहाडि जिल्लाको अधिकांश भू-भाग महाभारत श्रृङ्खलामा र बाँकी भू-भाग शिवालिक पहाड अन्तर्गत पर्दछ । कपिलवस्तु जिल्लाको गोरुसिङ्गे देखि ६८ कि.मि. दुरीमा सदरमुकाम सन्धिखर्क बजार रहेको छ । कुल जनसंख्या १,९७,६३२ रहेको छ भने प्रतिनिधि सभा १, प्रदेश सभा २ र कुल मतदाता १,३८,३२८ जना छन् । ६ वटा स्थानीय तहमा जम्मा वडा संख्या ६१ वटा रहेका छन् ।


गाउँपालिका केन्द्र, खनदह

## मालारानी गाउँपालिका परिचय

प्रदेश नं. ५ अन्तर्गत अर्घाखाँची जिल्लाका ६ वटा स्थानीय तहहरूमध्ये उत्तरपश्चिमपट्टी अवस्थित मालारानी गाउँपालिका पहाडि क्षेत्रमा अवस्थित गाउँपालिका हो । नेपालमा ७५३ स्थानीय तह लागू हुँदा अर्घाखाँची जिल्लामा साविकका अर्घातोषको (१,६,९), मरेङ्को (१,६), खन, खनदह, बाँगी, हंसपुर र गोखुङ्गा गाउँ विकास समितिहरूलाई समेटेर मालारानी गाउँपालिका बनाइएको हो । मालारानी गाउँपालिकाको कूल जनसंख्या २०६८ को जनगणना अनुसार २८,०४४ जना छन् भने यसको क्षेत्रफल १०१.०६ वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकाको केन्द्र साविकको खनदह अन्तर्गत खनदह बजारमा रहेको छ । यस गाउँपालिकालाई ९ वडामा विभाजन गरिएको छ ।

यस गाउँपालिकाको सिमाना पूर्वमा छत्रदेव गाउँपालिका, पश्चिममा भूमिकास्थान नगरपालिका र प्यूठान जिल्ला, उत्तरमा प्यूठान र गुल्मी जिल्ला तथा दक्षिणमा सन्धिखर्क र भूमिकास्थान नगरपालिकासम्म फैलिएको छ । यस गाउँपालिकालाई पर्यटकीय हिसाबले प्रचुर सम्भावना बोकेको स्थानीय तह मानिन्छ । यहाँ पर्यटकीय क्षेत्रहरू, भौगोलिक, सामाजिक, साँस्कृतिक, ऐतिहासिक र धार्मिक हिसाबले महत्त्व बोकेका स्थलहरू थुप्रै खालका रहेका छन् । घेराको लेक जिल्लाकै अग्लो चुचुरो जहाँबाट उत्तरमा मनोरम हिमाल र पूर्व, पश्चिम र दक्षिणका फाँटलगायत ऐतिहासिक तथा धार्मिक स्थलहरू अवलोकन गर्न सकिन्छ । यही लेकको चुचुरोमा मालारानी मन्दिर छ र यसैको नामबाट गाउँपालिकाको नामकरण गरिएको छ । मालारानी मन्दिर र यसको विशिष्टतका थुप्रै सामाजिक तथा साँस्कृतिक किंबदन्तीहरू पाइन्छन् ।



अध्यक्ष र उपाध्यक्षसहित कर्मचारीहरू

## गाउँसभाका सदस्यहरू

| वडा नं. | नामथर | पद | मोबाईल नं. |
|---|---|---|---|
| - | श्री बालकृष्ण शर्मा (आचार्य) | अध्यक्ष | ९८५७०२८४५७ |
| - | श्री प्रमिला क्षेत्री | उपाध्यक्ष | ९८५७०६९३५७ |
| १ | श्री बालकृष्ण आचार्य | वडा अध्यक्ष | ९८५७०६७१३८ |
| २ | श्री विष्णु प्रसाद भुसाल | वडा अध्यक्ष | ९८५७०६११८३ |
| ३ | श्री शोभाखर खनाल | वडा अध्यक्ष | ९८५७०६३८३४ |
| ४ | श्री विष्णु प्रसाद पोखेल | वडा अध्यक्ष | ९८४७०३३४८८ |
| ५ | श्री शोभाकर भुसाल | वडा अध्यक्ष | ९८५७०२९०४३ |
| ६ | श्री नारायण प्रसाद अर्याल | वडा अध्यक्ष | ९८५७०६३२६४ |
| ७ | श्री खड्क प्रसाद भुसाल | वडा अध्यक्ष | ९८५७०६९३५९ |
| ८ | श्री नरेन्द्र कुमार बस्नेत | वडा अध्यक्ष | ९८५७०३३७५१ |
| ९ | श्री फन बहादुर पुन | वडा अध्यक्ष | ९८४७४१११७४ |
| ३ | श्री भन बहादुर सुनार | कार्यपालिका सदस्य | ९८६७२३८५८८ |
| ६ | श्री निमबहादुर सुनार | कार्यपालिका सदस्य | ९८४७१५५२९० |
| ९ | श्री जुना घिमिरे | कार्यपालिका सदस्य | ९८४७३४३८४९ |
| ५ | श्री सीता वि.क. | कार्यपालिका सदस्य | ९८४७५५९८८७८ |
| २ | श्री इन्दिरा आचार्य | कार्यपालिका सदस्य | ९८४७२२८८२६ |
| १ | श्री खिमप्रसाद श्रेष्ठ | सदस्य | ९८४७४८९५४५ |
| १ | श्री घनश्याम क्षेत्र | सदस्य | ९८४७४५९५८८ |
| १ | श्री सरस्वती पन्थी (पाण्डे) | महिला सदस्य | ९८४७३१०६४९ |
| १ | श्री सुमित्रा नेपाली | दलित महिला सदस्य | ९८४७३२०२०९ |
| २ | श्री लोक बहादुर कुँवर | सदस्य | ९८४७२३४७९९ |
| २ | श्री  लिल बहादुर पाण्डे | सदस्य | ९८५७०६१५४९ |
| २ | श्री मिना नेपाली | दलित महिला सदस्य | ९८४७३३८५७६ |
| २ | श्री जनार्दन खनाल | सदस्य | ९८५७०६१२३१ |
| ३ | श्री शोभाखर खनाल | सदस्य | ९८४७२६०४४८ |
| ३ | श्री सुमित्रा वि.क. | दलित महिला सदस्य | ९८६७९१४८३५ |
| ३ | श्री अशोक भुसाल | सदस्य | ९८५७०३२४१२ |
| ४ | श्री सशे सुनार | सदस्य | ९८४७५७१३३३ |
| ४ | श्री लक्ष्मी वि.क. | दलित महिला सदस्य | ९८४४७३३३७१ |
| ४ | श्री टुल्कादेवी आचार्य | महिला सदस्य | ९८४७३४४४४० |
| ५ | श्री डालबहादुर चौहान | सदस्य | ९८४७०४६७४५ |
| ५ | श्री निमबहादुर राउत | सदस्य | ९८४७१८१७१६ |
| ५ | श्री कौशिला आचार्य | महिला सदस्य | ९८६७१८०६६६ |
| ६ | श्री सुप्रिया योञ्जना पुन | महिला सदस्य | ९८६४५८४६९१ |
| ६ | श्री मिना नेपाली | दलित महिला सदस्य | ९८६७३१११२९ |
| ७ | श्री जित बहादुर खड्का | सदस्य | ९८५७०६३११० |
| ७ | श्री नेत्रप्रसाद मिश्र | सदस्य | ९८४७०४७६५२ |
| ७ | श्री सृजना खनाल | महिला सदस्य | ९८४७३७८१८० |
| ७ | श्री मनकला वि.क. | दलित महिला सदस्य | ९८६९४३२९२३ |
| ८ | श्री जोशबहादुर थापा | सदस्य | ९८४७३६१७७३ |
| ८ | श्री बलबहादुर होजाली | सदस्य | ९८४४७२७२२१ |
| ८ | श्री पदम पन्थी | महिला सदस्य | ९८६७५१८५२० |
| ८ | श्री सुमित्रा परियार | दलित महिला सदस्य | ९८६७१८०९६५ |
| ९ | श्री कमला पौडेल | सदस्य | ९८६७३१९८८९ |
| ९ | श्री भविलाल घर्ती | सदस्य | ९८४७३४५७६८ |
| ९ | श्री फूलमति परियार | दलित महिला सदस्य | ९८६७२१२७८४ |

## गाउँकार्यपालिकाका पदाधिकारीहरू




## हालसम्मका कार्यालय प्रमुखहरू

| सि. नं. | नाम थर | पद | कार्यकाल (देखि - सम्म) |
|---|---|---|---|
| १ | कमल बहादुर चौहान | नि. कार्यकारी अधिकृत | २०७३।११।२७ २०७३।१२।१३ |
| २ | जनकराज पन्थी | का. अधिकृत / प्र. प्र. अ. | २०७३।१२।१४ २०७५।०६।२० |
| ३ | खगेन्द्र राज मरासिनी | प्र. प्र. अ. | २०७५।०६।२१ २०७६।०७।१५ |
| ४ | रमेश पन्थी | नि. प्र. प्र. अ. | २०७६।०७।१६ २०७६।०८।२९ |
| ५ | विष्णु घर्ती 'भनभनेली' | प्र. प्र. अ. | २०७६।०८।३० हालसम्म |

## कार्यालयबाट प्रदान गरिने सेवाहरू

१) गाउँसभाबाट स्वीकृत तथा प्रदेश र संघीय सरकारबाट तोकिएका योजनाका उपभोक्ता समितिहरूसँग सम्झौता ।

२) सम्पन्न विभिन्न योजना तथा कार्यक्रमहरूको अन्तिम तथा बहुवर्षीय योजनाहरूको क्रमागत भुक्तानी ।

३) प्राकृतिक तथा अन्य विपद/प्रकोपको राहत, विपन्न आर्थिक सहायता र संस्थागत अनुदान सहयोग ।

४) कृषि एवम् पशु सेवासँग सम्बन्धी प्रविधि (यन्त्र, उपकरण आदि) हस्तान्तरण, आवश्यक परामर्श तथा सिफारिस ।

५) जेष्ठ नागरिक, अपाङ्गता, एकल महिला प. प. वितरण र गैरसरकारी संस्था दर्ता तथा नविकरण सिफारिस ।

६) आदिवासी, जनजाति, दलित वर्ग, अल्पसंख्यक, पिछडा वर्ग, व्यक्तिगत घटना दर्ता (कन्सुलर) आदि प्रमाणित ।

७) उद्योग, व्यवशाय, घरजग्गा, निजी शिक्षण संस्था आदि दर्ता तथा 'घ' वर्गको ठेक्का इजाजत र नविकरण ।

८) न्यायिक सेवा सम्बन्धी विभिन्न क्षेत्रका जाहेरी/निवेदन दर्ता, प्रतिउत्तर, मेलमिलाप तथा निरुपण ।

९) सबै तहका सरकारबाट स्वीकृत भएका योजनाहरूको लागत अनुमान तथा मूल्याङ्कन र अनुगमन ।

१०) सूचिकृत गम्भिर प्रकृतिका रोगहरूको उपचारमा सहुलियतका लागि विपन्न प्रमाणित तथा सिफारिस ।

११) विभिन्न स्थानमा फरक फरक सेवा, सुविधाका लागि माग गरिएका निकायगत सिफारिसहरू ।

१२) विद्यालयगत खर्चको माग सङ्कलन र निकासा तथा शैक्षिक कार्यक्रमहरूको आवश्यक सिफारिस ।

१३) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरूको अभिलेख अद्यावधिक तथा आवश्यक रकम निकासा ।

१४) खानेपानी तथा सरसफाई सम्बन्धी विवरण सङ्कलन, अद्यावधिक तथा आवश्यक परामर्श र सिफारिस ।

१५) पुन:निर्माण सम्बन्धी अनुगमन, विवरण अद्यावधिक तथा आवश्यक परामर्श र भुक्तानीका लागि सिफारिस ।

१६) बेरोजगार व्यक्तिहरूको अभिलेख अद्यावधिक तथा तोकिएका योजनाहरूको समन्वय र सहजिकरण ।

## गाउँ कार्यपालिका बैठकका प्रस्तावहरू

| मिति | बैठकका प्रस्तावहरू |
|---|---|
| ०४।०८ | • शिक्षकहरूको अभिलेखीकरण सम्बन्धमा ।<br>• शिक्षक दरबन्दी मिलान एवं विद्यालय समायोजन कार्यविधि संशोधन ।<br>• बर्थिङ् सेन्टरमा कार्यरत अ.न.मी.हरूको सेवा करार पारिश्रमिक सम्बन्धमा ।<br>• स्वास्थ्य चौकीमा कार्यरत का.स.हरूको सेवा करार पारिश्रमिक सम्बन्धमा ।<br>• ल्याव असिष्टेण्टको सेवा करार पारिश्रमिक ।<br>• बर्थिङ् सेन्टरका का.स.व्यवस्थापन सम्बन्धमा<br>• वित्तीय तथा सहकारी संस्था सूचिकृत गर्ने । |
| ०४।२८ | • आ. व. २०७६।०७७ मा प्रदेश सरकारको समपुरक बजेटबाट सञ्चालन हुने योजना सम्बन्धमा ।<br>• खानेपानी योजनाको माग सम्बन्धमा ।<br>• मालारानी गाउँपालिकाको दर रेट निर्धारण सम्बन्धमा । |
| ०५।०५ | • अधुरा योजनाहरू सम्बन्धमा ।<br>• औधोगिक ग्राम विकास योजना सम्बन्धमा ।<br>• शिक्षकको कार्यविधि कार्यान्वयन सम्बन्धमा ।<br>• कोल्डस्टोर निर्माण सञ्चालन र जग्गा प्राप्ति सम्बन्धमा ।<br>• स्वास्थ्य संस्था भवन निर्माण सम्बन्धमा ।<br>• अपाङ्ग परिचयपत्र वितरणको कार्यक्रम ।<br>• कोल्डस्टोर सञ्चालनको लागि सहकारीहरूको लागत सहभागिता सम्बन्धमा ।<br>• रोजगारीको अवसरहरू निर्माण सम्बन्धमा ।<br>• विशेष अनुदान माग सम्बन्धमा । |
| ०५।३० | • समपूरक बजेटबाट सञ्चालन हुने योजना संशोधन सम्बन्धमा । |
| ०७।०१ | • राष्ट्रिय योजना आयोगको सूचना बमोजिमको समपुरक बजेट र विशेष अनुदानबाट सञ्चालन हुने योजना छनौट सम्बन्धमा ।<br>• गा.पा.को प्रशासकीय भवन निर्माण ।<br>• मटरेवल पुल निर्माण सम्बन्धमा ।<br>• कोल्डस्टोर निर्माण सञ्चालन र जग्गा प्राप्ति सम्बन्धमा ।<br>• स्वास्थ्य संस्थाका भवन निर्माण सम्बन्धमा । |

# गाउँ कार्यपालिका बैठकका प्रस्तावहरू

| मिति | बैठकका प्रस्तावहरू |
|---|---|
| ०७।०७ | • १५ शैयाको अस्पताल निर्माण सम्बन्धमा ।<br>• गाउँपालिकाको प्रशासनिक भवन निर्माण सम्बन्धमा ।<br>• खरका छाना विस्थापन अन्तर्गत जस्तापाता वितरण सम्बन्धमा ।<br>• सडक सौर्य बत्ती सम्बन्धमा ।<br>• पोखरा-सुर्खेत सडकको बजेट कार्यान्वयन सम्बन्धमा । |
| ०८।१६ | • बोरिङ्ग खानेपानी सम्बन्धमा ।<br>• इलाका हुलाक कार्यालय सम्बन्धमा ।<br>• प्र.म. स्वरोजगार कार्यक्रम कार्यान्वयन ।<br>• खाता सञ्चालन सम्बन्धमा । |
| ०८।२८ | • विशेष अनुदान माग सम्बन्धमा ।<br>• तालिमको विवरण सङ्कलन सम्बन्धमा<br>• कोसेली घर सञ्चालन सम्बन्धमा । |
| ०९।१३ | • समपुरक र विशेष अनुदानबाट सञ्चालन हुने योजनाहरूको छनौट सम्बन्धमा ।<br>• कोशेली घर व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ सम्बन्धमा ।<br>• शिक्षण तथा प्रशासनिक अनुदान वितरण कार्यविधि, २०७६ सम्बन्धमा ।<br>• जलश्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७६ सम्बन्धमा ।<br>• उद्योग व्यवशाय दर्ता सम्बन्धी कार्यविधि, २०७६ सम्बन्धमा ।<br>• युवा क्लव गठन तथा युवा संसद सञ्चालन सम्बन्धमा । |
| ०९।२१ | • समपुरक र विशेष अनुदानबाट सञ्चालन हुने योजनाहरूको छनौट सम्बन्धमा ।<br>• जलश्रोत व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ सम्बन्धमा ।<br>• उद्योग, व्यापार, व्यवशाय दर्ता सम्बन्धी कार्यविधि, २०७६ सम्बन्धमा ।<br>• सहरी सडक कालोपत्रेका लागि योजना माग सम्बन्धमा ।<br>• आन्तरिक आय व्यवस्थापन सम्बन्धमा । |

| मिति | बैठकका प्रस्तावहरू |
|---|---|
| १०।०६ | • मालारानी मन्दिर क्षेत्रमा बोरिङ्ग खानेपानी सञ्चालन सम्बन्धमा ।<br>• केन्द्रीय सडक सञ्जालदेखि स्थानीय तहको केन्द्रसम्म जोड्ने सडक पहिचान सम्बन्धमा<br>• पूर्वसूचित गाउँसभाको तयारी सम्बन्धमा । |
| १०।१३ | • जारी भएका ऐन, नियम, कार्यविधिहरूको संग्रह प्रकाशन सम्बन्धमा ।<br>• योजनाहरू रकमान्तर, बोरिङ्ग खानेपानी तथा आवधिक योजना सम्बन्धमा ।<br>• वडा नं. ८ मा मावि सञ्चालनको अनुमति दिनका लागि समिति गठन सम्बन्धमा ।<br>• आठौं गाउँसभाको संसोधित नीति तथा कार्यक्रमको तयारी सम्बन्धमा । |
| १०।१५<br>(आठौं गाउँसभा) | • संसोधित नीति कार्यक्रम तथा रकमान्तरित बजेट सम्बन्धमा ।<br>• अन्य खानेपानी योजनाका सामान बोरिङ्ग खा.पा. योजनामा प्रयोग गर्ने सम्बन्धमा ।<br>• विरेन्द्र क्याम्पसलाई थप बजेट जिससमा माग गर्ने अनुरोध सम्बन्धमा ।<br>• भण्डारथुम लिफ्ट खा.पा.लाई अपुग बजेट भौतिक पूर्वाधार प्रदेश मन्त्रालय र खा.पा. डिभिजन कार्यालय पाल्पामा माग गर्ने अनुरोध सम्बन्धमा ।<br>• आ.व. २०७५/०७६ को मलेप प्रतिवेदनको बेरुजु फर्छ्यौट सम्बन्धमा । |
| ११।२० | • स्थानीय बन ऐन, २०७६ सम्बन्धमा ।<br>• चक्लाबन्दी (गह्रा सुधार) कार्यक्रम कार्यविधि, २०७६ सम्बन्धमा ।<br>• पशुपन्छी उत्पादन अनुदान कार्यविधि २०७६ सम्बन्धमा ।<br>• उर्जा प्रवर्धन निर्देशिका, २०७६ सम्बन्धमा ।<br>• प्रधानमन्त्री स्वरोजगार सम्बन्धी योजना कार्यान्वयन सम्बन्धमा ।<br>• मलेप प्रतिवेदन र स्वास्थ्यका विषय सम्बन्धमा ।<br>• शिक्षक दरबन्दी मिलान सम्बन्धमा । |

# प्रथम र दोस्रो चौमासिक अवधिमा गरिएका शाखागत कार्य प्रगतिहरू

## शिक्षा शाखा

### शिक्षण सिकाई अनुदान प्रदान गरिने विद्यालयहरू

| क्र.स. | विद्यालयको नाम | अनुदान रकम |
|---|---|---|
| १ | सिध्द ने रा मा वि मरेङ् | ३,९०,०००।- |
| २ | सुन्दर आ वि बाँगी | ३,६४,०००।- |
| ३ | शान्ति मा वि बाँगी | ३,९०,०००।- |
| ४ | कालिका ने रा मा वि खन | ३,९०,०००।- |
| ५ | सिध्दार्थ मा वि हंसपुर | ४,४२,०००।- |
| ६ | जनता आ वि हंसपुर | ३,६४,०००।- |
| ७ | वैद्यनाथ मा वि बामरूक | ३,९०,०००।- |

### आधारभूत शिक्षा (कक्षा-८) परीक्षा सम्पन्न

| क्र.स. | परीक्षा केन्द्र | विद्यालय | परीक्षार्थी |
|---|---|---|---|
| १ | सरस्वतिमाता मा. वि. | ३ | ८८ |
| २ | आदर्श मा. वि.,खनदह | २ | ८२ |
| ३ | कालिका ने. रा. मा. वि. | २ | ११६ |
| ४ | शान्ति मा. वि., बाँगी | ३ | ७१ |
| ५ | सिध्दार्थ मा. वि., हंसपुर | ६ | १५० |
| ६ | सूर्य मा. वि., गोखुङ्गा | ३ | १०७ |
| | **कुल जम्मा** | **१९** | **६१४** |

### ससर्त अनुदानतर्फका कार्यक्रमबाट बजेट प्रदान गर्न छनौट गरिएका विद्यालयहरू

| **क्र.स.** | **विद्यालयको नाम** | **कार्यक्रमको नाम** | **विनियोजित बजेट** | **कैफियत** |
|---|---|---|---|---|
| १ | सिध्द ने. रा. मा. वि., मरेङ् | ICT ल्याव | ६ लाख ५० हजार | क्र. स. ८, ११ र १२ का योजनाहरू कार्य सम्पन्न भएका र अन्य बाँकी योजनाहरू कार्यान्वयनको चरणमा रहेका । |
| २ | विरेन्द्र मा. वि., मरेङ् | पुस्तकालय | ७ लाख ५० हजार | |
| ३ | आदर्श मा. वि., खनदह | पुस्तकालय | ८ लाख ५० हजार | |
| ४ | कालिका ने. रा. मा. वि., खन | विज्ञान प्रयोगशाला | ९ लाख ५० हजार | |
| ५ | शान्ति मा. वि., बाँगी | ICT ल्याव | १० लाख ५० हजार | |
| ६ | सिध्दार्थ मा. वि., हंसपुर | पुस्तकालय | ११ लाख ५० हजार | |
| ७ | सूर्य मा. वि., गोखुङ्गा | पुस्तकालय | १२ लाख ५० हजार | |
| ८ | बालशिक्षा आ. वि., हंसपुर | ICT ल्याव | १३ लाख ५० हजार | |
| ९ | सरस्वतिमाता मा. वि., डाँडाकटेरी | ४ कोठे आरसिसि भवन | ४८ लाख | |
| १० | बालशिक्षा आ. वि., हंसपुर | २ शौचालय र ४ कोठे | ६२ लाख | |
| ११ | कालिका ने. रा. मा. वि., खन | कम्पाउण्ड वाल | ७ लाख | |
| १२ | कालिका ने.रा. मा. वि., खन | शौचालय | १० लाख | |
| १३ | मूल आ. वि., हंसपुर | तारवार | ६ लाख | |

### सम्पूर्ण शिक्षक शिक्षिकाहरूको चौमासिक तलव भत्ता र अनुदान खर्च

| विवरण | बालविकास सहजकर्ता | कर्मचारीको तलब भत्ता | आधारभूत तहको तलब भत्ता | माध्यमिक तहको तलब भत्ता | व्यवस्थापन अनुदान | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| प्रथम | १८३०००० | २०६६३३३ | २७९०८२१४.३५ | ११९७२९८५.४ | १०७५००० | ४४८५२५३२.८ |
| दोस्रो | १४८२००० | १६३८९०० | ३५९०२१३७.०७ | १००१७१९.६६ | ० | ४००२४७५६.७ |
| कुल जम्मा | ३३१२००० | ३७०५२३३ | ६३८१०३५१.४२ | १२९७४७०५.१ | १०७५००० | ८,४८,७७,२८९.५ |

### १. खोप कार्यक्रम :

राष्ट्रिय खोप कार्यक्रम नेपाल सरकारको पहिलो प्राथमिकतामा रहेको कार्यक्रम हो । मालारानी गाउँपालिकाले पनि खोपको महत्त्वलाई आत्मसात गर्दै नियमित रुपमा २१ वटा खोप क्लिनिक मार्फत नियमित खोप सेवा प्रदान गर्दै आएको छ । आ.व. ०७६/७७ को दोस्रो चौमासिकसम्म **३८०६** जनालाई खोप सेवा प्रदान गरिएको छ ।

### २. पोषण कार्यक्रम :

पोषण कार्यक्रम पनि खोप कार्यक्रम जस्तै नेपाल सरकारको पहिलो प्राथमिकतामा परेको कार्यक्रम हो । यस गाउँपालिकामा, गाउँपालिका र सुआहारा दोस्रो कार्यक्रमको सहकार्यमा पोषण सम्बन्धी कार्यक्रमहरू नियमित रुपमा सञ्चालन भईरहेका छन् । पोषण कार्यक्रममा विशेषतः वृद्धि, अनुगमन र मातृ तथा वाल्यकालीन पोषणलाई बढि जोड दिने गरिन्छ ।

### ३. परिवार नियोजन र सुरक्षित मातृत्व कार्यक्रम :

नेपालको संविधान २०७२ ले महिलाहरूको प्रजनन हकको व्यवस्था गरेको छ । महिलाहरूले आफुले चाहेको समयमा चाहेको जति सन्तान जन्माउन परिवार नियोजनका साधनहरूको आवश्यकता पर्दछ । वच्चा गर्भमा वसेपछि नियमित रुपमा पूर्व प्रसुति जाँच, स्वास्थ्य संस्थामा प्रसुति गराउने साथै सुत्केरी पश्चात तीन पटक सुत्केरी जाँच गर्नुपर्ने हुन्छ । सार्वजनिक विदावाहेक हरेक दिन प्रत्येक स्वास्थ्य संस्थाबाट परिवार नियोजन सेवा र हरेक दिन २४ सै घण्टा सुरक्षित प्रसुति सेवा प्रदान गरिन्छ । आ.व. ०७६/७७ को दोस्रो चौमासिकसम्म १०० जना गर्भवती महिलालाई संस्थागत रुपमै सुरक्षित प्रसुति सेवा प्रदान गरिएको छ ।

### ४. गाउँघर क्लिनिक सेवा कार्यक्रम :

समुदायस्तरको आवश्यकता अनुसार गाउँघर क्लिनिक सेवा कार्यक्रम हरेक महिनाको एउटै मिति र समयमा एकै ठाउँमा सञ्चालन गरिन्छ । गाउँपालिकाभरमा १० वटा गाउँघर क्लिनिकमार्फत १,१८५ जनालाई सेवा प्रदान गरिएको छ ।

### ५. महिला स्वास्थ्य स्वयम् सेविका कार्यक्रम :

महिला स्वास्थ्य स्वयम् सेविकाहरूको मुख्य भूमिका भनेको स्वास्थ्यकर्मीहरूको सहयोगमा समुदायस्तरमा सुरक्षित मातृत्व, वाल स्वास्थ्य, परिवार नियोजन र अन्य समुदायस्तरीय कार्यक्रम जसले समुदायमा मानिसहरूको स्वस्थकर जिवनयापन गर्न सहयोग पुऱ्याउनु हो । यस गाउँपालिकामा १३० जना महिला स्वास्थ्य स्वयम् सेविकाले नियमित रुपमा सेवा प्रदान गरिरहनु भएको छ ।

### ६. अन्य कार्यक्रम :

माथि उल्लेख गरिएभन्दा अतिरिक्त स्वास्थ्यतर्फका तपशीलका कार्यक्रमहरू सञ्चालन गरेको छ ।

- प्रत्येक स्वास्थ्य चौकी प्रमुखहरुसँग मासिक रुपमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको ।
- गोखुङ्गा, हंसपुर र मरेङ्ग स्वास्थ्य चौकीमा विभिन्न तालिम कार्यक्रमहरू सञ्चालन गरिएको ।
- यस पालिका अन्तर्गतका स्वास्थ्य संस्थाको लागि शःसर्त तर्फको रकमबाट अत्यावश्यक औषधी खरिद गरी प्रत्येक स्वास्थ्य संस्थामा ढुवानी गरिएको ।
- नियमित रुपमा स्वास्थ्य संस्थाको अनुगमन तथा आवश्यक पृष्ठपोषण प्रदान गर्ने गरिएको ।
- फाल्गुन महिनामा सञ्चालन गरिएको राष्ट्रिय दादुरा, रुवेला खोप अभियान कोही पनि वच्चालाई नछुटाई पुर्ण रुपमा सफल पारिएको ।

**सेवा प्रदान गरिएको तथाङ्कको संक्षिप्त विवरण**

| क्र.सं. | स्वास्थ्य सेवाको विवरण | लाभग्राही संख्या |
|---|---|---|
| १ | विभिन्न खोप सेवा | ३८०६ |
| २ | वालवालिकालाई उपचार | १०६८ |
| ३ | भिटामिन ए खुवाईएको वच्चा | २६५३ |
| ४ | गर्भवती चेकजाँच सेवा | ५६० |
| ५ | संस्थागत सुत्केरी सेवा | १०० |
| ६ | गाउँघर क्लिनिकको सेवा | ११८५ |
| ७ | क्षयरोगका विरामीको उपचार | १३ |
| ९ | जम्मा विरामी चेकजाँच | १४०५६ |

## विपद् व्यवस्थापन कोषको अवस्था

| सि.नं. | विपद्को क्षेत्र | संख्या | निर्णय भएको | कैफियत |
|---|---|---|---|---|
| १ | घरमा आगलागी | १ | २ बण्डल जस्तापाता | उपलब्ध गराईएको |
| २ | घर भत्किई जोखिममा परेको | ४ | १,४२,०००।- | अनुगमन र निरीक्षणको क्रममा |
| ३ | विपन्न नागरिक उपचार सहयोग | ९ | १,५५,०००।- | ८१,०००।- |
| ४ | बिद्यालय भत्केको | १ | १,००,०००।- | अनुगमन र निरीक्षणको क्रममा |
| जम्मा | | १५ | ३,९७,०००।- | ८१,०००।- |

## आर्थिक प्रशासन शाखा

### आयतर्फको विवरण

| सि.नं. | शीर्षकहरू | प्रस्तावित आय | वास्तविक आय | प्राप्त हुन बाँकी | कैफि. |
|---|---|---|---|---|---|
| १ | समानिकरण अनुदान | १०,३२,००,०००। | २,५८,००,०००। | ७,७४,००,०००। | |
| २ | शसर्त अनुदान चालु | २०,८३,००,०००। | १४,२२,९०,०००। | ६,६०,१०,०००। | |
| ३ | विशेष अनुदान पुँजीगत | ५०,००,०००। | ० | ५०,००,०००। | |
| **संघीय सरकारको जम्मा** | | **३१,६५,००,०००।** | **१६,८०,९०,०००।** | **१४,८४,१०,०००।** | |
| १ | समानिकरण अनुदान | ४३,४५,०००। | ३२,५८,७५०। | १०,८६,२५०। | |
| २ | शसर्त अनुदान पुँजीगत | ८०,००,०००। | १,४४,००,०००। | ६४,००,०००। | बढी |
| ३ | विशेष अनुदान चालु | ५२,००,०००। | ४१,००,०००। | ११,००,०००। | |
| ४ | समपुरक अनुदान पुँजीगत | २,४५,०४,११९। | २,२८,०४,११९। | १७,००,०००। | |
| **प्रदेश सरकारको जम्मा** | | **३४,२०,४९,११९।** | **४,४५,६२,८६९।** | **२५,१३,७५०।** | **बढी** |
| १ | मूल्य अभिबृद्दि करको बाँडफाँडबाट प्राप्त | ८,११,००,०००। | २,४३,६८,४१४।०२ | ५,६७,३१,५८५।९८ | |
| २ | सवारी साधन करको बाँडफाँडबाट प्राप्त | ५६,००,०००। | ५,६५,७०८।२८ | ५०,३४,२९१।७२ | |
| **राजस्व बाँडफाँडको जम्मा** | | **८,६७,००,०००।** | **२,४९,३४,१२२।३०** | **६,१७,६५,८७७।७०** | |
| **आन्तरिक आयको जम्मा** (विभिन्न २१ वटा शीर्षक) | | **१,६०,००,०००।** | **१,११,२०,५८७।५९** | **४८,७९,४१२।४१** | |
| | **कूल जम्मा** | **४२,१२,४९,११९।** | **२४,८७,०७,५७८।८९** | **२१,२५,४१,५४०।११** | |

### व्ययतर्फको विवरण

| सि.नं. | शीर्षकहरू | बार्षिक बजेट | खर्च रकम | मौज्दात | खर्च (%) |
|---|---|---|---|---|---|
| १ | चालुतर्फ (विभिन्न ३३ वटा शीर्षक) | २७,८३,००,०००। | १४,७६,७२,१२९।३५ | १३,०६,२७,८७०।६५ | ५३.०६ |
| २ | पुँजीगततर्फ (विभिन्न १२ वटा शीर्षक) | १५,७७,४९,११९। | २,८३,७४,८६१। | १२,९३,७४,२५८। | १७.९९ |
| **कूल जम्मा** | | **४३,६०,४९,११९।** | **१७,६०,४६,९९०।३५** | **२६,००,०२,१२८।६५** | ४०.३७ |

## लक्षित वर्गलाई सामाजिक सुरक्षा भत्ता वितरण

**प्रथम चौमासिक**

| सबै वडा | अन्य जेष्ठ नागरिक | | दलित जेष्ठ ना. | | बिधवा नागरिक | | पूर्ण अपाङ्ग | | अति अशक्त | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| जम्मा | १३५५ | ११८००००० | ६९७ | ५८०४००० | ९४१ | ७५६८००० | ११७ | १३८०४०० | १११ | ७५५२०० |

| सबै वडा | दलित बालबालिका | | एकल महिला | | औषधी उपचार | | जम्मा संख्या | कुल जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | | | |
| जम्मा | ८६६ | १३३८४०० | १ | ८००० | १७३१ | ५५८६००० | ४०८८ | ३,४८,६०,०००।- | |

**दोस्रो चौमासिक**

| सबै वडा | अन्य जेष्ठ नागरिक | | दलित जेष्ठ ना. | | बिधवा नागरिक | | पूर्ण अपाङ्ग | | अति अशक्त | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| जम्मा | १३३८ | १२९७७००० | ६८९ | ५९५७००० | ९५३ | ७७८०००० | १२१ | १४५६४०० | १४० | ८९६००० |

| सबै वडा | दलित बालबालिका | | एकल महिला | | औषधी उपचार | | जम्मा संख्या | कुल जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | | | |
| जम्मा | ८५४ | १३४१४०० | १ | ८००० | - | ५१४६००० | - | ३,४४,४५,८००।- | |

**प्रति व्यक्ति मासिक भत्ता दर**

जेष्ठ नागरिक अन्य, जेष्ठ नागरिक दलित, एकल महिला र विधवा महिला - रु २,०००।- औषधी उपचार (७० बर्ष माथि) - रु १,०००।- पूर्ण अपाङ्गता - रु ३,०००।- अति अशक्त अपाङ्ग - रु १,६००।- दलित बालबालिका - रु ४००।-

## आन्तरिक लेखापरीक्षण शाखा

- पौष महिनामा लोकसेवा आयोगबाट आ.ले.प. सहायक सिफारिस भएपश्चात आ.ले.प. शाखाको रुपमा कार्य आरम्भ ।
- को.ले.नि.का. अर्घाखाँचीको संयोजनमा सञ्चालित लेखाको सुत्र सम्बन्धी ३ दिने तालिममा सहभागी तथा गत आ.व.को अन्तिम लेखापरीक्षण प्रतिवेदनहरूको अध्ययन तथा संपरीक्षणको प्रक्रिया शुरु ।
- माघ र फागुनमा आर्थिक प्रशासन शाखालाई आवश्यकता अनुसार सहयोग गर्दै हालसम्म लेखिएका खर्च शीर्षकहरूको आन्तरिक लेखापरीक्षण कार्यको शुरुवात ।
- गाउँपालिकाबाट हालसम्म पारित भएका ऐन, नियमावली, कार्यविधि, निर्देशिकाहरूको व्यवस्थित गरी राजपत्रमा छुट्टाछुट्टै प्रकाशन गर्न र एकीकृत संग्रह प्रकाशनको तयारीका लागि पाएको जिम्मेवारी पुरा ।

## सुशासन र पारदर्शिताको प्रयास

- न्यायिक समितिमा आएका उजुरीको समन्वय ।
- नागरिक बडापत्र अद्यावधिक र व्यवस्थापन ।
- सुझाव/गुनासो पेटिकामा परेका उजुरीको सम्बोधन ।
- सूचना अधिकारीमार्फत सूचनाहरू प्रदान गर्ने व्यवस्था
- उपभोक्ता भेलाबाट योजनागत अनुगमन समितिको गठन र क्रियाशीलता ।
- सबै योजना/कार्यक्रमको फछ्र्यौटको लागि वडास्तरीय तथा पालिकास्तरीय अनुगमन समिति क्रियाशील ।
- योजनाको जाँचपास र फरफारक समिति क्रियाशील ।
- सबै योजनामा वडा समिति र कार्यालयको रोहवरमा सार्वजनिक परीक्षणको व्यवस्था ।
- इमेल, वेभसाइट, फेसबुक पेज आदिबाट प्राप्त समस्या, गुनासा र जिज्ञाशालाई सम्बोधन ।
- रेडियो मालारानीबाट हरेक हप्ताको शुक्रबार साँझ ०७:३० बजेदेखि ०८:०० बजेसम्म गाउँपालिकाले गरेका विभिन्न विकास निर्माणलगायतका गतिविधिहरूको प्रस्तुती **हेलो मालारानी** रेडियो कार्यक्रम निरन्तर रुपमा सञ्चालन ।
- रेडियो मालारानीकै संयोजनमा ८ नं. वडाबाहेक सबै वडाहरूमा सरोकारवालाहरूका बीचमा प्रत्यक्ष रुपमा आफ्ना जिज्ञाशा, प्रश्न तथा सुझावहरू आमने समने भई गरिने खुला कार्यक्रम **जनताको बीचमा जनप्रतिनिधि** १/१ दिन सम्पन्न ।

## न्यायिक समिति

**जम्मा उजुरी संख्या : ११ वटा**

- मिलापत्र भएका उजुरी : ३ वटा
- फिर्ता भएका उजुरी : २ वटा
- फछ्र्यौट हुन बाँकी उजुरी : ६ वटा

**उजुरीहरूका प्रकृति**

- पारिवारिक सम्बन्धका उजुरी : ३ वटा
- खानेपानी सम्बन्धी उजुरी : ३ वटा
- साँध सिमाना सम्बन्धी : २ वटा
- विभिन्न विषय सम्बन्धी : ३ वटा

## सूचना प्रविधि शाखा

| क्र.स. | प्रगति विवरण |
|---|---|
| १ | पञ्जीकरण सम्बन्धी अनलाइन पोर्टल VERSS-MIS सम्बन्धी आवश्यक व्यवस्था । |
| २ | गाउँपालिकाको वेबसाइट, इमेल र आधिकारिक सामाजिक संजाललाई अद्यावधिक गर्ने र सञ्चालनमा सहयोग । |
| ३ | डिजिटल सूचनापाटी, इ-हाजिरी तथा सामुहिक एस.एम.एस. स्थापना र सञ्चालनमा सहयोग । |
| ४ | हाल संचालित सबै सफ्टवेयर/प्रणाली सेटअप गरी अभिलेख तथा प्रतिवेदन तयार पार्न आवश्यक सहयोग । |
| ५ | वास योजना निर्माण कार्यमा गणकहरूलाई तालिम र अनलाईन पोर्टल सञ्चालनमा सहयोग |
| ६ | सम्पति विवरण अनलाईन पोर्टल व्यवस्थापन। |

## गाउँमै योजना सम्झौता अभियान

| वडा नं. | मिति | योजना हरू | सम्झौता योजना | स्थान |
|---|---|---|---|---|
| ०६ | २०७६।०७।०२ | ३३ | २६ | रतनमारे |
| ०१ | २०७६।०८।०९ | १७ | ११ | मरेङ |
| ०७ | २०७६।०९।०१ | २२ | १८ | बामरुक |
| ०२ | २०७६।०९।१८ | २४ | १२ | डाडाँकटेरी |
| ०८ | २०७६।०९।२२ | २५ | १६ | हंसपुर |
| ०४ | २०७६।०९।२४ | ४१ | २१ | खन |
| ०३ | २०७६।०९।२७ | ३४ | ३३ | खनदह |
| ०५ | २०७६।१०।१० | ३९ | ३१ | बाँगी |
| ०९ | २०७६।१०।१२ | ४३ | २६ | गोखुङ्गा |



## पशु सेवा शाखा

| महिना | कार्यसम्पादन विवरण |
|---|---|
| श्रावण र भाद्र | वडा नं. ६ का किसानलाई डिपिङ् ट्याङ्कको प्रयोगबाट बाह्य परजिवी नियन्त्रण सम्बन्धी १ दिने जानकारीमूलक कार्यक्रम सम्पन्न । |
| आश्विन | नेपाल लाइभष्टक सेक्टर इनोभेसन आयोजना बुटवलबाट प्रदान गरिएका कृत्रिम गर्भाधानका सामग्री ल्याई प्रयोग गरिएको । |
| कार्तिक | पशुपञ्छी तथा मत्स्य उपचार सम्बन्धी औषधी खरिद तथा वडा नं. ४, ५ र ९ मा रहेका सेवा केन्द्रहरूमा वितरण । |
| मार्ग | वडा नं. ४ र ५ मा बाखापालन सम्बन्धी पाठशाला सञ्चालनको लागि ३ दिनको तयारी बैठकमा सहभागी भई बाखापालन सम्बन्धी प्राविधिक ज्ञान प्रदान ।<br>साथै अनुदान सम्बन्धी कार्यक्रमको लागि फर्म, समुह सहकारीहरूलाई भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञकेन्द्र कपिलवस्तुमा सिफारिस । |
| पौष र माघ | वडा नं. ४ र ५ मा बाखापालन सम्बन्धी पाठशालामा सहभागी भई बाखा पालन सम्बन्धी प्राबिधिक ज्ञान दिइयो । साथै अनुदान सम्बन्धी कार्यक्रमको लागी फर्म, समुह सहकारीहरुलाई भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र कपिलवस्तुमा सिफारिस । |
| फाल्गुण | वडा नं. ६ को बाखापालक कृषकका एकै दिन ११ वटा बाखा मरेको हुँदा निज किसानकै घरमा गई अवलोकन गर्दा खोरको व्यवस्थापनमा समस्या देखिएकोले सुधार गर्न सुझाव दिइएको । |

## कृषि सेवा शाखा

१. गत वर्षको कार्यक्रमबाट २०२ वटा मौरीघारमध्ये १९१ वटा वितरण गरि ११ वटा घार मौज्दात रहेको ।
२. पाँच वटा कृषक समुह दर्ता गरिएको ।
३. सात वटा कृषक समुह नविकरण गरिएको ।
४. एउटा रासायनिक मल बिक्रेताको सुचिकृत गरिएको ।
५. सात वटा कृषि तथा पशुपन्छी फर्म दर्ता गरिएको ।

## वास इकाई

| महिना | कार्यप्रगति विवरण |
|---|---|
| साउन | • सोताखोला आरुगैरा चौरी सोलार लिफ्ट खापा योजनाको intank, Rvt लगायतका संरचना निर्माण कार्यमा सहजिकरण ।<br>• सोताखोला गिद्द पोखरी खापा योजनाको कार्यान्वयनमा सहजिकरण ।<br>• खापा योजनाको लेआउट तयार र मुख्य संरचना निर्माण कार्यमा सहजीकरण । |
| भदौ र असोज | • सोताखोला आरुगैरा चौरी सोलार लिफ्ट खापा योजनाको पाइप प्रणाली, वितरण कार्य तथा धारा निर्माणमा सहजिकरण । |
| मंसिर | • सोताखोला गिद्ध पोखरी खापा योजनाको कार्यान्वयन चरणमा सहजिकरण ।<br>• वास योजना निर्माणको लागि भौतिक पुर्वाधार विकास मन्त्रालय र गाउँपालिकाबीच सम्झौता |
| पुष | • वास योजना निर्माणको लागि पालिकास्तरिय वास कार्यदल गठन र गणक छनौट प्रकृया सम्पन्न ।<br>• गल्लेपोखरी भण्डारथुम खानेपानी तथा सरसफाई योजनाको लागत इस्टमेट तयार । |
| माघ | • सोताखोला गिद्धपोखरी खापा योजनाको शाखा पाइपलाइन खन्ने र पुर्ने कार्यमा सहजिकरण।<br>• वास योजना निर्माणको लागि तथ्याङक संकलक (गणक) छनौट गरि मोबाइल एप्लिकेशन सम्बन्धी तालिम सम्पन्न । |
| फागुन | • सोताखोला गिद्धपोखरी खापा योजनाका सम्पन्न भएका संरचनाहरूको शाखा पाइपलाइन जडान गर्ने कार्य सम्पन्न ।<br>• वास योजना निर्माणको लागि २,५०० घरधुरीको तथ्याङक संकलन कार्य सम्पन्न ।<br>• संकलित तथ्याङ्कको प्रशोधन तथा यकिन गर्ने कार्य निरन्तर । |

खनदह बजार स्थित पार्क



## रोजगार सेवा केन्द्र

| महिना | कार्य प्रगति विवरण |
|---|---|
| साउन | • गत आर्थिक वर्षको रोजगार संयोजक र योजना कार्यान्वयनका लागि विनियोजित तलब, भत्ता, कार्यक्रम, विविध, अनुगमन, कार्यालय संचालन लगायतको खर्च विवरण मन्त्रालयमा पेश । |
| भदौ | • रोजगार व्यवस्थापन सूचना प्रणालीको तालिमको प्रगति विवरण पेश ।<br>• आर्थिक बर्षमा सञ्चालित आयोजनाहरुका तस्वीर मन्त्रालयमा पेश । |
| असोज | • प्रधामन्त्री रोजगार कार्यक्रमको व.उ.शि.नं. ३७११०८३ बाट प्राप्त रकमको सम्बन्धमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित आर्थिक विवरण मन्त्रालयमा पेश । |
| कार्तिक | • रोजगार व्यवस्थापन सूचना प्रणाली विकसित भइसकेपछि बेरोजगारी व्यक्तिहरूलाई पुनः फारम भर्न सूचना प्रकाशन र सहजीकरण ।<br>• यस आर्थिक बर्षमा बेरोजगारका लागि प्रत्येक वडाबाट आयोजना छनोटको काम शुरु । |
| मंसिर | • वडा नं १, २, ५, ६, ७, ८, ९ मा अपूर्ण फारम भरेका बेरोजगार व्यक्तिलाई पुनः फारम भर्न वडामै फारम पठाइएको ।<br>• सबै वडाबाट आयोजना संकलन गरि २ करोडका २० वटा आयोजना मन्त्रालयमा पेश । |
| पौष | • वडा नं ३ र ४ का अपूर्ण फारम भरेका बेरोजगार व्यक्तिलाई फारम भर्ने काम शरु ।<br>• पौष महिनाभर वडा नं ३ र ४ का करिब २०० जना बेरोजगार व्यक्तिका फारमहरू भरिएको ।<br>• २० ओटा आयोजना मन्त्रालयको सूचना अनुसार पुनः सूचना प्रणालीमा प्रविष्ट ।<br>• पौष मसान्तसम्म अद्यावधिक गरिएका फारममध्ये ५८ जनाका फारमहरू रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरिएको । |
| माघ | • वडा नं ३ र ४ का करिब १२२ बेरोजगार व्यक्तिका फारम भरि ३२२ जना पुऱ्याइएको ।<br>• भरिएका फारमहरु संकलन गर्दा ६८८ जनाको फारम अद्यावधिक ।<br>• माघ मसान्तसम्म अद्यावधिक गरिएका फारमहरु मध्ये १६२ ओटा फारम प्रविष्ट गरिएका सँगै २२० जनाका फारमहरु रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट |

| महिना | कार्य प्रगति विवरण |
|---|---|
| फागुन | • यसै आर्थिक वर्षमा प्राप्त रु ५५ लाख ७५ हजार रुपैया प्रत्येक वडा वडामा बेरोजगार संख्याको आधारमा बाँडफाँड गरिएको ।<br>• १०० दिनको रोजगार दिनको लागि बेरोजगार व्यक्ति छनौट गर्नु पूर्व छनौट फारम भर्नका लागि प्रत्येक वडामा छनोट फारम पठाइएको । |

## प्रशासन शाखा

१) ३८ जना विभिन्न तहका प्रशासनिक तथा प्राविधिक कर्मचारीहरूको सेवा करार सम्झौता सम्पन्न ।

२) लोकसेवा आयोगबाट सिफारिस भई आएका १८ जना विभिन्न तहका प्रशासनिक तथा प्राविधिक कर्मचारीहरूको नियुक्ति, हाजिरी तथा पदस्थापन ।

३) कार्यालयका कर्मचारी, वडा सचिव, स्वास्थ्य चौकी इन्चार्ज तथा शाखा प्रमुखहरूको मासिक बैठक शुरु।

४) गाउँकार्यपालिका बैठकका निर्णयहरूको व्यवस्थित अभिलेखीकरण गर्दै बैठकको संख्या कायम ।

५) गाउँकार्यपालिकाबाट पारित ऐन, कानुनहरूको छुट्टा छुट्टै राजपत्र प्रकाशन गर्ने र गा.पा. स्थापनादेखि हालसम्मका सम्पूर्ण कानुनहरूको संग्रह प्रकाशन ।

६) कार्यालय व्यवस्थापन (नागरिक बडापत्र, सुझाव पेटिका, राष्ट्रिय झण्डा, राष्ट्रिय गान, राष्ट्रिय दैनिक पत्रिकाहरू, डिजिटल र सादा साइन बोर्ड, इलेक्ट्रोनिक हाजिरी, घरभाडाको न्यूनीकरण, कार्यसम्पादन करार संझौता, सूचना अधिकारी, नेमप्लेटहरू, विभिन्न सूचना तथा सन्देशमूलक बोर्डहरू, जनप्रतिनिधिहरूको बोर्ड आदि) लाई चुस्त दुरुस्त एवम् थप व्यवस्थित ।



प्र.प्र.अ. र ले.अ. को स्वागत

## पारित भएका ऐन/कानुनहरू

| क्र. स. | ऐन, कानुनहरू | पारित मिति |
|---|---|---|
| १ | कोशेली घर व्यवस्थापन तथा सञ्चालन कार्यविधि | २०७६।०९।१३ |
| २ | शिक्षक तथा प्रशासनिक अनुदान वितरण कार्यविधि | २०७६।०९।१३ |
| ३ | जलस्रोत उपयोग सम्बन्धी कार्यविधि | २०७६।०९।१३ |
| ४ | उद्योग, व्यापार तथा व्यवसाय दर्ता तथा नविकरण कार्यविधि | २०७६।०९।१३ |
| ५ | स्थानीय उर्जा विकास सम्बन्धी निर्देशिका | २०७६।११।२० |
| ६ | कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि | २०७६।११।२० |
| ७ | चक्लाबन्दी प्रर्वद्धन (गह्रा सुधार) कार्यक्रम कार्यविधि | २०७६।११।२० |
| ८ | स्थानीय बन ऐन | २०७६।११।२० |
| ९ | कोरोना महामारी नियन्त्रण तथा व्यवस्थापन कोष स्थापना र सञ्चालन मापदण्ड | ०७६।१२।१७ |

## पुनः निर्माण शाखा

| महिना | कामको बिवरण |
|---|---|
| श्रावण | सबै वडाका निजी आबास मापदण्ड नभएका र प्राबिधिक आउनु अगाबै बनेका ३५ वटा आवासहरूको वडा र गा.पा.को सिफारिस साथ दोश्रो र तेश्रो चरणको रकम भुक्तानी । |
| भाद्र | वडा नं. १ को २ वटा र वडा नं. ३ र ६ को ४ घरहरूको तश्रो किस्ताको सिफारिस गरी अनलाइन सी एस इन्ट्रि । |
| आश्विन | वडा नं. १ मा १ घरको दोश्रो किस्ता र वडा नं. ७ को १ घरको तेश्रो किस्ता सिफारिस । |
| कार्तिक | वडा नं. १, २, ३ को जम्मा ७ घरको तेश्रो किस्ता सिफारिस । |
| मार्ग | सबै वडामा बनिरहेका प्रत्येक निजी आवासको अवलोकन गरी दोश्रो र तेश्रो किस्ता सिफारिस गरि आवासहरुको सी एस इन्ट्रि । |
| पौष | छुट तथा पुनर्सर्बेक्षणमा परेका लाभग्राहीहरूको वडा र गा.पा.को सिफारिसका साथ सम्झौता गर्न जिल्ला कार्यान्वयन इकाइमा पठाइएको । |
| माघ | ५० वटा निजी आवासको दोस्रो किस्ता र ३० वटा निजि आवासको तेस्रो किस्ताको लागि अनलाईन सि एस इन्ट्री । |
| फाल्गुण | वडा नं. ४ को २ वटा निजी आवासको तेस्रो किस्ता सिफारिस र अनलाईन सि एस इन्ट्री । |

## पञ्जिकरण शाखा

| महिना | कामको बिवरण |
|---|---|
| पौष | • सबै वडाहरूमा पुगेर व्यक्तिगत घटना दर्ता किताबमा भएका विवरणहरूको संकलन गर्ने कार्यको आरम्भ ।<br>• राष्ट्रिय पञ्जिकरण विभागले सञ्चालन गरेको अनलाइन व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिममा सहभागी । |
| माघ | • सबै वडाहरूमा पुगेर व्यक्तिगत घटना दर्ता किताबमा भएका विवरणहरूको संकलन गर्ने कार्यको सम्पन्न । |
| फाल्गुण | • सबै वडाहरूबाट लिइएको विवरणहरू एकीकृत गरी पञ्जिकरण विभागले तोकेको ढाँचामा भरी पठाइएको । |

| वडा नं. | जन्म | मृत्यु | बसाइ सराई | विवाह | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|
| १ | ३४६३ | ४७६ | १८० | ७९५ | १ |
| २ | ३८७ | ५२ | २० | १७० | ० |
| ३ | २१७० | ४०८ | १२५ | ५७१ | ० |
| ४ | ४९३० | ५६७ | १८७ | ९१५ | ० |
| ५ | २३४८ | ४३७ | ८७ | ६३८ | २ |
| ६ | ३९५२ | ७०५ | १५६ | ११४६ | ० |
| ७ | ३६७ | ६८ | १३ | ९८ | ० |
| ८ | ४३३ | ५० | १९ | ७१ | ० |
| ९ | २१७४ | ३६८ | १८८ | ५८१ | ० |
| जम्मा | २०२२४ | ३१३१ | ९७५ | ४९८५ | ३ |

# योजना तथा कार्यक्रम शाखा

## योजना/कार्यक्रममा विनियोजित बजेट

| सि. नं. | बजेट प्राप्तिको स्रोत | जम्मा रु. |
|---|---|---|
| **निशर्त अनुदान र आन्तरिक आयतर्फ** | | |
| १ | नेपाल सरकार | १०,३२,००,०००।- |
| २ | प्रदेश सरकार | ४३,४५,०००।- |
| ३ | आन्तरिक (राजश्व बाँडफाँड) | ८,६७,००,०००।- |
| ४ | पालिका आन्तरिक | ६०,००,०००।- |
| | कूल जम्मा रु | २०,०२,४५,०००।- |
| **सशर्त अनुदानतर्फ** | | |
| १ | मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम | ५०,००,०००।- |
| २ | प्रदेश सरकार समपुरक अनुदान | १५,००,०००।- |
| ३ | प्रदेश सरकार विशेष अनुदान | ३०,००,०००।- |
| ४ | ने. सरकार विशेष अनुदान | ५०,००,०००।- |
| ५ | प्रदेश सरकार कोल्डस्टोर निर्माण | १,०२,००,०००।- |
| ६ | सडकबोर्ड नेपाल | ६,००,०००।- |
| ७ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | १,१२,५०,०००।- |
| ८ | प्रदेश सरकार सशर्त अनुदान | ८०,००,०००।- |
| | कूल जम्मा रु | ८,९५,५०,०००।- |
| **नेपाल सरकारको हस्तान्तरित कार्यक्रमहरूतर्फ** | | |
| १ | झोलुङ्गे पुल निर्माण | ३५,००,०००।- |
| २ | नेपाल सरकार (भकारो सुधार) | ३,००,०००।- |
| ३ | नेपाल सरकार (माटो परीक्षण सामग्री/ प्रविधि) | २,००,०००।- |
| ४ | ने. सरकार (सहकारी/ साना सिंचाई मर्मत सम्भार निर्माण) | ५,००,०००।- |
| ५ | नेपाल सरकार (विद्यालय भौतिक पूर्वाधार निर्माण ) | १,३३,००,०००।- |
| ६ | नेपाल सरकार (विद्यालयमा आई.सि.टी./ पुस्तकालय/ विज्ञान प्रयोगशाला) | ५२,००,०००।- |
| | कूल जम्मा रु | २,५७,००,०००।- |

## योजना/कार्यक्रमको प्रगतिको सारसंक्षेप

| बजेट स्रोत | योजना संख्या | सम्पन्न योजना | प्रगति प्रतिशत | |
|---|---|---|---|---|
| | | | वित्तिय | भौतिक |
| निशर्त अनुदान र आन्तरिक आय | ४४६ | ७३ | १७ | ५८ |
| मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम | ८ | - | - | १० |
| प्रदेश सरकार समपुरक अनुदान | ४ | १ | ३० | ७५ |
| प्रदेश सरकार विशेष अनुदान | १ | - | | १५ |
| नेपाल सरकार विशेष अनुदान | १ | - | | १५ |
| झोलुङ्गे पुल निर्माण | २ | - | ३० | ४० |
| सडक बोर्ड नेपाल | १ | - | - | - |
| स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ७ | २ | - | ५० |
| प्रदेश सरकार सशर्त अनुदान | ५ | २ | - | ७५ |
| प्रदेश सरकार कोल्डस्टोर निर्माण | १ | - | - | ३५ |
| नेपाल सरकार (भकारो सुधार) | २० | १ | ५ | १० |
| नेपाल सरकार (माटो परिक्षण प्रविधि) | १ | - | - | - |
| नेपाल सरकार (सहकारी/ साना सिंचाई मर्मत निर्माण) | - | - | - | - |
| नेपाल सरकार (विद्यालय भौतिक पूर्वाधार निर्माण) | ५ | २ | १५ | ४० |
| ने. सरकार (विद्यालयमा आई.सि.टी./ पुस्तकालय/ विज्ञान प्रयोगशाला) | ८ | १ | १२ | ५० |

## ***योजना सम्झौता र बैंक खाता सञ्चालनको अभियान***

### पृष्ठभूमि

स्थानीय सरकारहरू जनभावना अनुरुप परिचालित हुनेछन् भन्ने संघीय व्यवस्थाको मूल मर्म रहेको छ । यही मर्मलाई आफ्नो मूख्य धर्म र कर्म बनाएका छन् ७५३ स्थानीय पालिकाहरूले । गाउँगाउँ र घरघरमा सिहंदरबार पुऱ्याई सुखी र समृद्ध नेपालको सपना नेपाल सरकारले आत्मसात गरेको छ । संघीय तथा प्रदेश सरकारको विभिन्न कानुनी एवम् नीतिगत परीधिमा रहेर स्थानीय सरकार सुसञ्चालित भइरहेका छन् । आ-आफ्नो कार्यक्षेत्र भित्र सरल र सहज तरिकाले सेवाप्रवाह गर्नमा स्थानीय सरकारहरू स्वतन्त्र छन् । यो संवैधानिक प्रावधानको विषय पनि हो । यिनै व्यवस्था, जनचाहना र तप्तरताको परिणाम स्वरुप मालारानी गाउँपालिकामा रचनात्मक उदाहरणीय असल अभ्यास भइरहेका छन् ।

### मालारानी गाउँपालिका र अभियानको अवधारणा

माथिल्लो पहाडि क्षेत्रमा अवस्थित यो पालिकाको आन्तरिक आम्दानीको पर्याप्त र भरपर्दो स्रोत छैन । ९० प्रतिशतभन्दा बढि बजेट संघीय र प्रदेशको विभिन्न नामको अनुदानबाटै चलिरहेकोले आफैमा धानिन सक्ने पालिका होइन । छरिएका बस्तीहरूमा सेवा सुविधा पुऱ्याउँन धेरै प्रकारका असहजता रहेका छन् । पालिकाको केन्द्रसम्म आइपुग्ने पर्याप्त व्यवस्था छैन । भौगोलिक विकटता छ । सार्वजनिक सवारी साधानको नियमित आवज-जावत छैन । जनताहरूको गरिवीको सघनता अत्याधिक छ । न्यून आय भएका समुदायहरूको बसोवास बढि छ । यिनै विषयहरूलाई दृष्टिगत गर्दा गाउँसभाबाट छरिएका योजनाहरू बनाई सहज तरिकाले कार्यान्वयन गरि बढिभन्दा बढि प्रतिफल प्राप्त गरून् भन्ने उद्देश्यले योजना सम्झौता र बैंक खाता खोल्ने कार्यलाई अभियानका रुपमा सञ्चालन गरिएको छ ।

### योजना सम्झौता र अभिमुखीकरण

प्रत्येक वडातहमा पुगेर उपभोक्ता समितिहरूसँग पालिकाले सम्झौता गर्ने कार्यलाई अभियानका रुपमा आ.व. ०७५/०७६ मै आरम्भ गरिएको हो । यसका लागि गाउँसभाबाट विनियोजन भएका पालिका र वडा स्तरका तथा संघ र प्रदेशस्तरका सम्पूर्ण योजनाहरूको टोल/गाउँस्तरमै सम्बन्धित वडा अध्यक्षको सहभागितामा उपभोक्ता समितिहरू गठन गरिन्छ । प्राविधिकबाट लागत अनुमान तयार भएपछि पालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत, योजना शाखाका प्रमुख, आर्थिक प्रशासन शाखा प्रमुख, सम्बन्धित प्राविधिक तथा सहयोगी कर्मचारीहरू तोकिएको स्थानमा पुगी सफ्टवेयरमार्फत योजना सम्झौता गरी कार्यादेश प्रदान गरिन्छ । कार्यादेशपश्चात सम्पूर्ण उपभोक्ता समितिका पदाधिकारीहरूलाई सामुहिक रुपमा योजना सञ्चालन गर्ने तौरतरिका, अपनाउनु पर्ने प्रक्रिया आदिका बारेमा अभिमुखीकरण सञ्चालन गरिन्छ ।

### बैंक खाता सञ्चालन र भुक्तानी

पालिकासँग आर्थिक कारोबार गर्न अनुमति प्राप्त बैंकका कर्मचारीहरू पनि सम्झौता स्थलमा गई सम्बन्धित उपभोक्ता समितिको नाममा पालिकाको सिफारिसपश्चात बैंकले आफ्नो प्रक्रिया पुरा गरेर खाता सञ्चालन गर्दछ । योजना सम्पन्न भई कार्य मुल्याङ्कनपश्चात स्थलगत अनुगमन गरि सोको प्रतिवेदन र उपभोक्ता समितिले पेश गरेको फाइल स्वीकृत भएपछि सम्बन्धित उपभोक्ताको बैंक खातामा पालिकाले रकम पठाउछ ।

### वैशाखभरमा योजना सम्पन्न

आर्थिक वर्षको तेस्रो चौमासिकको अन्तिमतिर हतार हतारमा काम गर्ने प्रवृत्तिलाई रोक्नका लागि यस गाउँपालिकाले सम्पूर्ण योजनाहरू वैशाख मसान्तसम्म सम्पन्न गरिसक्नुपर्ने निर्णय गरिसकेको छ । उपभोक्ता समिति आफैले मागेको समयमा कार्यसम्पन्न नगरेमा एक महिनासम्मको लागि सोही योजनाको तीन प्रतिशत र दुई महिना ढिलो गरेका पाँच प्रतिशत रकम कट्टा गरी सञ्चित कोषमा राख्ने कमको थालनी भइसकेको छ । यस कार्यले हाम्रा योजनाहरू असारमा पुग्दैनन् भन्ने देखिएको छ । यसको फाइदा आगामी आ.व.को लागि तर्जुमा गरिने नीति, बजेट तथा कार्यक्रमको तयारी प्रभावकारी रुपमा गर्न सकिन्छ । यस निर्णयको प्रसारण न्यूज ट्वाण्टी फोर टी.भी.मा पनि प्रसारण भएको हो ।

**उपलब्धीहरू**

यस कार्यले प्रत्येक उपभोक्ता समितिका खाता सञ्चालकहरू कम्तिमा ३ जना (अध्यक्ष, कोषाध्यक्ष, सचिव) पालिकाको केन्द्रसम्म धाउनु परेन । उहाँहरूको बचेको समय र धनलाई योजनामै लगाउन सक्नुभयो भने कार्यपालिकाको कार्यालयमा सधैंभरी उपभोक्ताहरूको भिडभाड नलाग्ने भयो । गाउँगाउँमा सिंहदरबारको अभ्यास पनि भयो । उपभोक्ता समितिका अन्य पदाधिकारी तथा लाभान्वित बर्ग सबैले योजना सम्झौताको प्रक्रियालाई आफ्नै अगाडि प्रत्यक्ष रुपमा अवलोकन गर्न पाउनु भयो । मुख्य कार्य योजनासँग सम्बन्धित भए तापनि पालिकासँग सम्बन्धित् विविध समस्या र जिज्ञासाका बारेमा पनि अन्तरक्रिया गर्न पाउने भए भने त्यहाँबाट भइरहेको सेवामा थप सुधारका लागि पृष्ठपोषण प्राप्त गर्न सकियो । कार्यादेशको अवधिभित्र योजना सम्पन्न गर्न वडातहमा गरिएको प्रतिवद्दताले असारे विकासको अन्त्य हुने प्रवल सम्भावना पनि देखियो ।

**निष्कर्ष**

यस अभियानको अनुसरण यसै आ.व.देखि छिमेकी पालिका छत्रदेवले पनि गरिसकेको छ । जनता, उपभोक्ता समिति र सबै पक्षले यस कार्यलाई दिलैदेखि धन्यवाद ज्ञापन गर्दै अझ सुव्यवस्थित बनाउने कुरामा सहमत भएको देखिन्छ भने पालिकाबाट प्रदान गरिने अन्य सेवाहरूलाई पनि यसैमा जोड्न सकेमा अझ सुनमा सुगन्ध हुने अपेक्षा गरिएको पाइन्छ । आगामी दिनहरूमा यस विषयमा पालिकाको ध्यानाकर्षण भएकोले केही अन्य सेवाहरू पनि सोही अभियानमा लैजाने सोंच रहेको छ ।




**योजना सम्झौता अभियानको एक झलक**





नबिन के.सी.
स्टेशन म्यानेजर, रेडियो मालारानी

आर्थिक बर्ष २०७६/७७ को पहिलो चौमासिका मालारानी गाउँपालिकाभित्र रहेका सबै सहकारीहरूले साधारणसभा समेत सम्पन्न गरेका छन् । देशलाई सम्बृद्धिको यात्रामा अगाडि बढाई समाजबादको बाटोमा सहकारी संस्थाहरू हिडेको राष्ट्रिय सभाका सदस्य चन्द्रबहादुर खड्काले बताउनुभयो । प्रगतिशील साना किसान कृषि सहकारी संस्था मालारानी १ र २ को दोस्रो साधारण सभालाई उद्घाटन गर्दै खड्काले भन्नुभयो 'महिला दिदी बहिनीहरू यो संस्थाहरूले व्यबहारमा समाजबाद लागू गरेको देखियो, हामीले समाजबाद संबिधानमा लेखेका छौं, यो कुरालाई साना किसान सहकारी संस्थाहरूले लागू गर्नुभयो ।' एक डेढ बर्षमा सामूहीक कार्यको भावना जागरुक हुनु सकारात्मक रहेको छ । प्रदेश सभा सदस्य चेतनारायण आचार्यले प्रदेश सरकारले सहकारीमार्फत आयआर्जनमूलक कार्यको लागि अनुदानको व्यबस्था गरेको भन्दै सहकारीमार्फत उत्पादन र बजारीकरण गर्नु पर्नेमा जोड दिनुभयो । 'हामीले जिल्लाका ३ स्थानमा उत्पादनलाई बजारीकरण गर्नको लागि ३ स्थानमा कोल्ड स्टोर निर्माण गर्नेगरि काम अगाडि बढाएका छौं ।' मालारानी गाउँपालिकाले सहकारीमार्फत प्रविधि हस्तान्तरणका कार्यक्रम शुरुवात गरेको पालिका अध्यक्ष बालकृष्ण आचार्यले दाबी गर्नुभयो । गाउँपालिकाका ९ वटै वडामा कोशेली घर सञ्चालन गर्ने र सहकारीमार्फत किसानहरूलाई उत्पादनको आधारमा अनुदान दिने गरि काम भइरहेको साथै सहकारीमार्फत नै सम्बृद्ध मालारानी बनाउने कुरामा पालिका उपाध्यक्ष प्रमिला क्षेत्रीले जोड दिनुभयो ।



**साना किसान कृषि सहकारीका महिलाहरू**

# माध्यमिक शिक्षा पहिले र अहिले



नरेन्द्र कुमार क्षेत्री
मालारानी-५, बाँगी
सदस्य जिल्ला शिक्षा समिति, अर्घाखाँची

पुरानो संरचना अनुसार साविक इलाका नं. २ मरेङ्गो केही भाग र अर्घातोष, इलाका नं. ३ को डिभर्नाबाहेकका गा.वि.स. तथा इलाका नं. ५ का हंसपुर र गोखुङ्गा गा.वि.स. हरू मिलेर मालारानी गाउँपालिका बनेको छ । २०३२ आश्विन १८ मा नरपानीबाट जिल्ला सदरमुकाम सन्धिखर्क ल्याइएपछि अर्घाखाँचीको उत्तर पश्चिम भागतिर पनि विद्यालयहरू खुल्ने तथा पठन पाठन व्यवस्थित गर्नेतर्फ जनताहरूको पाइला अगाडि बढेको देखिन्छ ।त्यस बेलासम्म सबैभन्दा नजिकको हाइस्कुल सदरमुकामको श्री जनज्यति हाइस्कूल मात्र थियो त्यसैले एस.एल.सी. तह पढ्न कि त गुल्मी तम्घास जानु पर्दथ्यो कि प्युठानतिर । त्यस बेलासम्म मिडिल स्कुलहरू मात्र थिए ।

हाम्रो हालको मालारानी गाउँपालिकामा जसलाई राष्ट्रिय शिक्षा पद्धति २०३१ योजना पौष १ गते अर्घाखाँचीमा लागू भएपश्चात नि.मा.वि. र हाल आएर आधारभूत विद्यालय भनिने गरिएको छ । विद्यालय हेर्ने तालुकी अड्डातर्फ कहिले वि.जि.शि.नि., कहिले जि.शि.नि., कहिले जिल्ला पञ्चायत सचिवालय शिक्षा शाखा, जिल्ला कार्यालय शिक्षा शाखा, कहिले जिल्ला शिक्षा कार्यालय भनिदै आएको पाईन्छ भने अहिले आएर जिल्ला शिक्षा समन्वय इकाईको रुपमा कार्य सञ्चालन हुँदै आएको छ ।

२०३५ सालसम्म आइपुग्दा मालारानीको हाल वार्ड नं. ६ रतनमारेमा मात्र श्री सिद्धार्थ माध्यामिक विद्यालय सञ्चालित थियो । बाँगी, गोखुङ्गा, खनदह र अर्घातोषमा नि.मा.वि.हरू थिए । जहाँका विद्यार्थीहरू मा.वि. तहको शिक्षा लिन धेरैजसो सिद्धार्थ माध्यामिक विद्यालय रतनमारेमा, केही सूर्यथुम मा.वि. र केही जनज्योति मा.वि. हालको स.न.पा. २ चुत्राबेसीमा जाने गर्दथे । त्यस्तैमा २०३५ सालमा कक्षा ९ सञ्चालन हुनेगरि श्री सिद्धार्थ नि.मा.वि. ले मा.वि. कक्षा सञ्चालन गर्ने क्रममा म त्यस विद्यालयको मा.वि. तहको पहिलो प्र.अ. को रुपमा २०३५ साल माघ १० गते रतनमारे पुगें ।

कपिलवस्तुको यशोधरा मा.वि. तौलिहवा, सदरमुकाम चुत्राबेसीको जनज्योति मा.वि. मा अध्यापन गर्दै त्यहाँ पुग्दा भवन भरखर निर्माण हुँदै रहेको, शिक्षकहरू मा.वि. तहको म मात्र तथा अन्य नि.मा.वि. स्तरका मात्र थिए भने फर्निचरहरू पनि नभए सरह थिए । समस्यै समस्याको चाङ्मा प्र. अ. को रुपमा त्यहाँ पुगेको पाएँ ।

उक्त विद्यालय २०१६ सालमा स्थापना भएको रहेछ । जिल्लाको अत्यन्तै विकट स्थानमा रहेको, धेरै जनजातिको बसोवास भएको, पिउने पानीको समेत राम्रो प्रवन्ध नभएको, विद्यालयलाई मा.वि. तहमा लैजाँदा अन्य तहको व्यवस्थापन गर्न तत्कालको हंसपुर गाउँ पञ्चायत भित्रका गन्यमान्य व्यक्तिहरूलाई सहयोग रु... (यति) दिनेछु भन्ने तमसुक गराएर राखिएको रहेछ विद्यर्थीहरूबाट उठ्ने मासिक शुल्कबाहेक अन्य आयश्रोत केही पनि थिएन । निजी श्रोतमा राखिएका शिक्षकहरूलाई तलव भत्ता दिन अत्यन्तै गाह्रो थियो । मा.वि. को रुपमा स्थायी स्वीकृति पाउने लाइनमा रहेको वर्ष पशुपति शमसेर ज.व.रा. शिक्षामन्त्रीको रुपमा अर्घाखाँची आउँदा सूर्यथुम पुगी त्यहाँका जनताले अत्यन्तै ठूलो मेहनतले बनाएको राम्रो भवन तथा जनताको उत्साह देखेपछि श्री सरस्वती मा.वि. सूर्यथुमलाई सोही ठाउँमा (on the spot) स्थायी स्वीकृति दिएकाले त्यो वर्ष प्रस्तावित मा.वि. को रुपमै श्री सरस्वती मा.वि. सञ्चालित रह्यो । एक वर्षपछि मात्र मा.वि.को स्वीकृत पायो र त्यसपछि स्थिति अलि सहज बन्यो । बिषयगत शिक्षकको प्रवन्ध गर्नुपर्ने, शिक्षक र विद्यार्थीहरूलाई समयनिष्ट गराउनु पर्ने र विद्यार्थी संख्या बृद्धि गर्नुपर्ने थुप्रै समस्याहरू थिए ।

तत्कालै पञ्चायतघरलाई छात्राबासको रुपमा प्रयोग गर्दै विद्यार्थीलाई निःशुल्क पठन पाठनको व्यवस्था गरियो । घरबाटै पढ्न आउने विद्यार्थीहरूलाई पनि विहान विद्यालय समयभन्दा पहिले मैले अंग्रेजी विषय निःशुल्क रुपमा मेरो त्यो विद्यालयमा अध्यापन अवधिभर पढाउदै रहे । पुरानो चन्दा तिरेकाहरूको नामावली विद्यालय अफिस प्रवेश द्वारमै आफै इनामेलले लेखेर सबैले देख्न सक्नेगरि राखेपछि चन्दा तिर्नेहरूको हौसला बढ्यो भने थप अन्य मानिस पनि विद्यालयलाई सहयोग गर्ने स्थितिमा पुग्नु भयो ।

२०३७ सालमा पहिलो पल्ट एस.एल.सी. मा ३१ जना विद्यार्थीहरू सम्मिलित भएकोमा १५ जना उत्तीर्ण हुँदा हामी सबैलाई थप हौसला मिल्न गयो, जनताहरू पनि अत्यन्तै हर्षित हुनु भयो । सबै क्षेत्रमा यो विद्यालय जिल्लामा चर्चित बन्दै गयो । अझ २०४५ सालमा जिल्लामै एस.एल.सी. मा जिल्ला प्रथम हुन सफल भयो । शिक्षकहरू कहिले भारतको शोहरतगढबाट त कहिले गुल्मीबाट ल्याउनु पर्ने स्थिति पछिसम्म रह्यो । पछि जनश्रमदानबाट ८ कोठे छात्राबास निर्माण गराई टाढा टाढाबाट आउने विद्यार्थीहरूलाई र १ कोठामा हामी ३ जना शिक्षकहरूसमेत बसी विद्यार्थीहरूलाई साँझ विहान निःशुल्क पठन पाठन गराउँदै अगाडि बढियो । त्यस विद्यालयमा त्यो समयमा काम गर्ने शिक्षकहरूले पाएको दुःख कष्ट शब्दमा व्यक्त गर्न त्यति सजिलो छैन । फेरी पनि त्यस विद्यालयबाट उत्पादित विद्यार्थीहरूमा सरकारी सेवामा १ जना शंकर अधिकारी सरकारको सचिव पदबाट सेवा निबृत्त हुनु भएको छ भने अहिले मधुशुदन अधिकारी नेपाल सरकारको सचिव पदमै कार्यरत हुनुहुन्छ । दुबै जना हाल मालारानी-८ निवासी हुनुहुन्छ । राजनैतिक क्षेत्रमा प्यूठानका सूर्य थापा अहिले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) केन्द्रीय सदस्य तथा प्रधानमन्त्रीका प्रेस सल्लाहकार, त्यस्तै बाँगीका चन्द्र बहादुर खड्का नेकपाका नेता तथा राष्ट्रिय सभा सदस्य, अर्घाका चेतनारायण आचार्य नेकपाका जिल्ला अध्यक्ष तथा प्रदेश सांसद, त्यस्तै गुल्मी भनभनेका दिनेश पन्थी नेकपाका केन्द्रीय सदस्य तथा प्रदेश नं. ५ को सांसद समेत हुनुहुन्छ । कैयौ व्यक्तिहरू अब्बल शिक्षक र प्रध्यापक हुनुहुन्छ । मुकुन्द प्रकाश क्षेत्री सह प्रध्यापकको रुपमा काठमाण्डौमा गणित विषय अध्यापन गर्दै हुनुहुन्छ । मालारानी ५ बाँगीका अरुण कुमार क्षेत्री अंग्रेजी विषयमा पि.एच.डि. गरी बुटवल बहुमुखी क्याम्पसमा प्रध्यापन गर्दै धेरैजना इन्जिनियरको रुपमा काम गर्दै हुनुहुन्छ । म भने उक्त विद्यालयबाट २०४६।११।१६ मा सरुवा भई भगवती मा.वि. शंखेटारी सन्धिखर्क नगरपालिका-२ मा आई दश वर्षपछि २०५६ मा सेवा निवृत्त भएँ ।

पछिल्ला दिनहरूमा राम्रा राम्रा सिमेन्टेड ४ वटा त अहिले बाटो बाटै सेता सेता ठूला ठूला सुविधा सम्पन्न भवनहरू देख्न सकिन्छ । वडा नं. ५ मै मात्र उनीहरू सबै हामीले जगाएको शैक्षिक चेतनाका उदाहरणहरू हुन् भनेमा अत्युक्ति हुने छैन नै । एउटा मात्र मा.वि. भएको यस ठाँउमा अहिले ३ वटा मा.वि., गोखुङ्गामा २, बाँगीमा २, खनमा २ , खनदहमा १, अर्घातोष मालारानी २ मा १ क्याम्पस र २ मा.वि, वडा नं. १ मा १ मा.वि. सुविधा सम्पन्न भवनहरूमा आवश्यक दरवन्दी अनुसारका विषयगत शिक्षकहरू राखेर सच्चालित छन् । पहिले नाम मात्रका दरवन्दी थिए भने अहिले जम्मा मा.वि. तहमा ४७, नि.मा.वि. तहमा ५३, र प्राथमिक तहमा २१६ शिक्षक दरवन्दी मालारानीमा मात्र छन् । का.स., परिचर आदिको व्यवस्थासमेत रहेको छ अहिले तर पहिले विद्यालयले मुस्किलले १ जना मात्र परिचर राखेर मा.वि. तह सच्चालन गर्ने बाध्यात्मक अवस्था थियो । अहिले प्राप्त यि सबै सुविधाहरूको उच्चतम उपयोग गर्दै शिक्षकहरू, विद्यार्थीहरू र अभिभावकहरूले मेहनतपूर्वक इमान्दारीता देखाउँन सके हाम्रो मालारानी राम्रो मालारानी बन्ने कुरामा म विस्वत छु ।



विद्यार्थीहरूलाई पोशाक वितरण



विद्यालय क्षेत्र तारबार योजनाको अनुगमन

# पर्यटनको क्षेत्रमा अर्घाखाँचीभित्र मालारानी



जनार्दन खनाल
मालारानी गाउँसभा सदस्य

नेपाल विविधतापूर्ण प्राकृतिक सौन्दर्यले भरिएको विश्वकै एक प्राकृतिक सौन्दर्य देश हो । नेपाललाई विश्वमा चिनाउनका लागि विभिन्न महत्त्वपूर्ण स्थलहरू, विविधतापूर्ण सांस्कृतिक पहिचान, विविधतायुक्त १०२ जाति र ९२ भाषाहरू रहेको देश हो । विभिन्न प्रजातिका फुलहरू ढकमक्कै फुलेको फुलवारी जसरी मनमोहक र सुन्दर हुन्छ त्यसरि नै नेपाल सुन्दर रहेको छ । त्यसै अनुसार साविकको लुम्विनी अञ्चलमा पनि विविधतापूर्ण समाजले भरिएको रुपन्देही, नवलपरासी, पाल्पा, गुल्मी, अर्घाखाँची र कपिलवस्तु गरि ६ जिल्ला पर्दछन् । यी ६ वटै जिल्लाहरूले आ-आफ्ना विशेषताहरू काखमा राखेर बसिरहेका छन् । जो पर्यटन विकासको हिसाबले अत्यन्त महत्त्व राख्दछन् । यस्ता महत्त्वपूर्ण स्थलहरूको देश भित्र र बाहिर परिचित गराउन आवश्यक छ । अर्घाखाँची जिल्लालाई पर्यटकीय हिसावले हेर्ने हो भने धेरै महत्त्वपूर्ण ऐतिहासिक स्थलहरू, प्राकृतिक सौन्दर्य र महत्त्वका स्थलहरू रहेका छन्, जसलाई निम्न अनुसार वर्णन गर्न सकिन्छ ।

### १. पाणिनी तपोभूमि

पाणिनी ऋषि विश्वकै प्राचिन संस्कृत भाषालाई शुद्दिकरण गर्ने व्याकरणका प्रतिपादक हुन्। तिनै ऋषिले तपस्या गरि शिवको डमरुको स्वरवाट अ, ई, ऊण्, ऋ, लृक् समेत व्याकरणका चौध सुत्र प्राप्ति गरेको तपस्या स्थल पाणिनी तपोभूमि हो । यस स्थलवाट उत्तरको हिमश्रृङ्खला र दक्षिणको तराई हुँदै भारतको गोरखपुरसम्म देख्न सकिन्छ। महाभारत श्रृङ्खलाको पुर्वि भागको ७५०० फिट उचाई रहेको स्थानमा यो पाणिनी तपोभूमि रहेको छ । यहाँ पाणिनी मन्दिर, यज्ञमण्डप, ध्यान कुटी, पाठशाला, सिद्देश्वर महादेव मन्दिर, प्रतिक्षालय र भ्युटावर निर्मित छन् । यो पणेना साविकको पोखराथोक गा.वि.स. मा पर्दछ ।

### २. नर्तनाचल पर्वत र सुपा देउराली

लंकाका राजा रावण आई शंख बजाउँदै शिवजीको तपस्या गरेको स्थल नर्तनाचल पर्वत हो । जसलाई अहिले नरपानि भनेर चिनिने गरिन्छ। त्यही नर्तनाचलको काखमा सुपादेउराली मन्दिर रहेको छ । देउराली मन्दिरको निकै ठूलो महिमा रहेको छ । मानिसहरू देउरालीमा भाकल गरि आफ्नो मनोकांक्षा पुरा गराउनका लागि वलि दिने प्रचलन छ । साथै नर्तनाचलसँग जोडिएको खाँचीमा खाँचीका राजाको दरवारको भग्नावशेष समेत रहेको छ । यसैसँग जोडिएको मसिनाको लेक र सो लेकको पश्चिममा रमणीय सेङ्गलेङ्ग दह पनि रहेको छ ।

### ३. नरसिंहस्थान

विष्णुका भक्त प्रल्हादको भक्तिबाट प्रभावित भएका विष्णुले हिरण्यकश्यपुको ज्यादतिलाई अन्त्य गर्न नृसिंह अवतार लिई हिरण्कश्यपुलाई वध गरेको स्थल नरसिंहस्थान हो । जहाँ विष्णुले नृसिंह अवतार लिंदा शिलाबाट प्रकट भएको ५२ हातको अग्लो शिला र ५२ हात नै चौडा भएको शिला अहिले पनि छ । त्यसैको काखमा प्रल्हादको शिला पनि छ । यहाँ अम्बिकादेवीको नामबाट नरसिंह पत्निको मन्दिर, दुर्गाको मन्दिर, शिवको मन्दिर स्थापना भएका छन् । ५२ हातको शिलादेखि तल मुल नरसिंह छ । प्राकृतिक चार ढोकाको गुफा छ । मृत्युजन्य चित्रगुप्त शिला र ध्रुवको शिलासमेत रहेकोछ। यस नरसिंहस्थान क्षेत्रमा दश व्रजविर रहेका छन् । ती दश व्रज विरहरूको नाम निम्न प्रकार छन् । १. जलविर २. अग्निविर ३. करवीर ४. नृपविर ५. चक्रविर ६. वैलवीर ७. महारोगवीर ८. हनुमानविर ९. नागविर १०. वलभद्रवीर । यि दश विरहरूले नरसिंहस्थानको रक्षा गरिरहेका छन् । यहाँ पापी र पाखण्डीको नर्कलोक छुट्टाइएको छ । यस स्थानमा वर्षमा एकपटक वैशाख शुक्ल चतुर्दशीमा भव्य मेला लाग्दछ।

### ४. मालारानी मन्दिर र मनचिन्ते पानी

अर्घाका राजाकी भाञ्जी माला नाम गरेकी मैया रानीको तपोभूमि र क्रिडास्थल मालारानी हो । यहाँ मालारानीको स्मृतिमा महाकालीको मुर्ती तथा हनुमानको मुर्तिसमेत स्थापना भएको छ । माला मैयारानीको क्रिडास्थल, तपोभूमि भएकोले यसको नाम मालारानी भएको छ । मालाले पिउने गरेको गुँरासको फेद (टोड्को) को पानी कहिल्लै बहिर पनि नबग्ने र झिकेर पनि नसकिने खालको रहेको छ । यहाँको पानी अञ्जुलीमा लगेर मालारानी

मन्दिरमा चढाउँनाले मनले चिताएको सबै कुरा पुरा हुने विश्वास रहिआएको छ । यसै कारणले गर्दा यसलाई मनचिन्ते पानी भनिएको छ । मालारानीमा चैते दशै र वडादशैमा नवदुर्गाको पुजा गरि दशैको त्रयोदशीका दिनमा ठूलो मेला लाग्दछ र सरायँ पनि खेलिन्छ । नवमीको दिन वलि दिई मनोकांक्षा पुरा गर्न भाकल पनि गर्दछन् । मालारानीलाई घेरा लेकको श्रृङ्खलामा रहेको वायुद्वारले शितलता प्रदान गर्दछ । यहाँ चिराइतोलगायतका विभिन्न प्रजातिका जडिबुटि पनि पाईन्छन् । यो मन्दिर साविकको खनदहको वडा नं. ४ घेरा लेकको उत्तर काखमा पर्दछ ।

## ५. खन गुफा र जालकाँडा

खनको गुफामा रेसुङ्गाका तपस्वी शशिधर स्वामीले विष्णुगद्दि स्थापना गरि आफ्नो थैलीको रकमबाट गुठी स्थापना गरि सो विष्णुगद्दिको पुजा गर्ने प्रचलन चलाइएको स्थल खन गुफा हो । तपस्वी शशिधर स्वामीलाई सिद्दि प्राप्त भएको थियो भन्ने गरिन्थ्यो । यस खन गुफामा विभिन्न प्रजातिका फलफुलसहितको रमणीय फुलवारी बनाइएको छ । यस क्षेत्र मा "२७७ शाके" बि.सं. ४१३ आजभन्दा २५८ बर्ष पहिले बस्ती बसाउँने एक महिला भागिरथी खनाल जसलाई भागा "बज्यै" को नामले जान्दछन् र यस क्षेत्रमा उनको इतिहास स्थापित भएको छ । उनको स्मृतिमा "भागिरथि स्मृति प्रतिष्ठान (भागिमा)" स्थापना भएको छ । मालारानी, मनचिन्ते पानी, खन गुफा, जालकाँडाको लेक, बुद्रंगेको लेकसमेत यसै क्षेत्रभित्र पर्दछन् । जालकाँडा भन्ने लेक एउटै गा. वि. स. मा रहेको फराकिलो पर्वतीय वन क्षेत्र पर्दछ । यसको शिरबाट उत्तरमा हिमश्रृङ्खला, दक्षिणमा तराइको साथै रातीमा गोरखपुरमा रेल चलेको बत्ति समेत देख्न सकिन्छ । जालकाँडाको शिरमा समथर भुभाग छ । जहाँबाट प्याराग्लाइडिङ्गको परीक्षण उडानसमेत सफल भइसकेको छ । यस परीक्षणवबाट प्याराग्लाइडिङ्गको लागि जालकाँडा उत्तम क्षेत्र देखिएको छ । जालकाँडा उत्तरतर्फको फेदबाट बग्ने खन खोलामा निकै रमणीय "अपूर्व" छहरो रहेको छ । घेरा र जालकाँडाको बनस्पतिवाट उत्श्रृजित वायु एक हप्ता पार गर्ने हो भने पाँच वर्ष आयु बढ्ने भनाइ रहेको छ ।

## ६. स्वर्ग जाने छहरो

घेराको लेकको शिरबाट बर्षातमा पानीको एक छहरो बग्ने गर्दछ। त्यस छहरामा नुहाउन जाने धर्मात्मालाई छहराले नुहाइदिने र पापीलाई नुहाउन छहरो आफै तर्किन्छ भन्ने किम्बदन्ती रहेको छ । यस छहरोलाई रिडीको मुहान पनि भन्ने गरिन्छ । त्यसैगरी करिव १५० मिटर अग्लो खन, खनदह र अर्घातोषको सिमानामा पनि आकर्षक छहरो रहेको छ ।

## ७. पर्यटकीय मार्ग

पर्यटकीय मोटरबाटो हुँदै भारतीयहरूले मुक्तिनाथ तिर्थस्थललाई र चिनियाँहरूले लुम्बिनीलाई तिर्थस्थलको रुपमा विशेष महत्त्व दिन्छन् । त्यसकारण भारतीयहरूलाई मुक्तिनाथ जान र चिनियाँहरूलाई लुम्बिनी आउन सबैभन्दा छोटो पर्ने पर्यटकीय मार्ग "लुम्बिनी-कपिलवस्तु-नरपानी-सन्धिखर्क-खनदह-धुर्कोट-खर्बाङ्ग-बाग्लुङ्ग-मुक्तिनाथ मोटर बाटो" योजना सञ्चालन गर्नुपर्ने हुन्छ । यस योजनाले प्रत्यक्ष रुपमा म्याग्दी, बाग्लुङ्ग, गुल्मी, अर्घाखाँची, कपिलवस्तु र रुपन्देहीसमेतका ६ जिल्लाहरूलाई लाभ पुर्याउँछ भने अप्रत्यक्ष रुपमा देशकै विकासमा टेवा पुर्याउने योजना हुनेछ।

## ८. अर्घाखाँचीका अन्य प्रमुख एतिहासिक पर्यटकीय स्थलहरू

- दुर्वाशेश्वर गुफा खिदिमः दुर्वाशा ऋषिले तपस्या गरेको स्थल र शिवजी ज्योतिर्लिङ्ग उत्पत्ति स्थल ।
- डमरु दह ठाडाः महादेवले डमरु बजाउँदै क्रिडा गर्ने स्थल र बाडगंगाको उत्पत्ति स्थल ।
- खाँचीकोट दरवारः चन्द्रप्रभा महारानीको माइति दरवार
- खाँची भगवती मन्दिरः खाँचीका राजाको दरबार ।
- अर्घा भगवती मन्दिरः अर्घाली राजाको दरवार स्थल।
- राँगामारे मन्दिरः दशैंको चतुर्दशीमा पश्चिम क्षेत्रमै भब्य मेला र सरायाँ नाँच हुने ।
- सिमेदेउराली गोखुंगाः मनोकामना पुरा, सरायाँ नाँच ।
- सिद्दबावा आश्रम स्थलः दारेढुंगा खनदह, सिद्दबाबा मन्दिर, दशैंको त्रयोदशीमा मेला र सरायाँ नाँच हुने ।
- सिद्देश्वर गुफा डिभर्ना महादेवका विभिन्न रुप अवस्था र प्रयोग भएका सामग्र सहित बिचित्रको अवस्था ।
- छत्र महाराजः महाभारतको लडाई हेर्ने वरवरे राजाको शिर समाधिष्ट गरेको स्थल छत्रगंज ।
- भण्डारथुम रमणीय स्थलः भगवतीको मन्दिर ।
- सन्धिखर्क, चुत्राबेशीः भक्तिटोला सिद्देश्वर महादेवको स्फटिक शिला ।
- प्राकृतिक सुन्दरताः लोहरी लेक र दारेघोडा क्षेत्र, हिमदृश्यावलोकन, फिल्म वा भिडियो सुटिङ्ग आदि ।

# गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीका सम्पर्क नम्बरहरू

| नाम | पद | मोबाइल नं. |
|---|---|---|
| विष्णु घर्ती | प्र. प्र. अ. | ९८५७०६६४३२ |
| रमेश पन्थी | शा. अ. | ९८५७०६६७८९ |
| नेत्र प्र. खनाल | का. अ. | ९८५७०६१४७२ |
| ठाकुर प्र. खनाल | कृ. अ. | ९८४७४५६८५६ |
| भविश्वर खनाल | सि.अ. हे. अ. | ९८५७०६६७९५ |
| खुबिराम पन्थी | लेखा अधिकृत | ९८४७२२६४६१ |
| नविन डुम्रे | इन्जिनियर | ९८५७०७२७३७ |
| पशुपति चुदाली | अधिकृत छैठौं | ९८६०२१०९४४ |
| सुजन ज्ञवाली | अधिकृत छैठौं | ९८४९१५८५५५ |
| मुकेश कु. यादव | इन्जिनियर | ९८२४७७९९११ |
| महेश भुसाल | रो. संयोजक | ९८४७३७८६८० |
| सुनिल स. खनाल | हे.अ. पाँचौ | ९८६४४९९४३९ |
| तेजलाल पन्थी | आलेप स. पाँचौ | ९८४७२२९४५४ |
| आस्था खनाल | सहायक पाँचौ | ९८४७१४७३८८ |
| शन्तोष पन्थी | लेखा स. पाँचौ | ९८४७५३७९३० |
| सरिता पन्थी | प्रा. स. | ९८४७०१८९२६ |
| रेखा थापा | क. अ. | ९८६०६८४३५६ |
| **वडा सचिवहरू** | | |
| कमल ब. चौहान | नायब सुब्बा | ९८५७०६३१२० |
| बालाराम रायमाझी | नायब सुब्बा | ९८५७०६९२१५ |
| डिलाराम खनाल | खरिदार | ९८४७०७१११८ |
| चुडामणि पोखेल | खरिदार | ९८४७१८२९११ |
| दिलिप आचार्य | सहायक पाँचौ | ९८४७४७६३०८ |
| नारायण न्यौपाने | सहायक पाँचौ | ९८६०५९२९०९ |
| सपना आचार्य | सहायक चौथो | ९८६७३३०९९२ |
| कपिल पौडेल | सहायक चौथो | ९८४१६०८०४७ |
| **स्वास्थ्य संस्थाका प्रमुखहरू** | | |
| मदन आचार्य | सि.अ. हे. अ. | ९८४७२२९५८२ |
| माधव खनाल | सि.अ. हे. अ. | ९८६७११३४९८ |
| जयलाल पन्थी | सि.अ. हे. अ. | ९८४४७८८५०९ |
| भविश्वर खनाल | सि.अ. हे. अ. | ९८५७०६३५९५ |
| दिपक पौडेल | सि.अ. हे. अ. | ९८४७३८४०९५ |
| हुमकान्त पौडेल | सि.अ. हे. अ. | ९८६७५९८४४८ |
| कृष्ण प्र. खनाल | अ. हे. अ. | ९८५७०६४९२६ |
| राजेन्द्र प्र. भुसाल | अ. हे. अ. | ९८४७३६२८१७ |
| लक्ष्मी कु. अर्याल | अ. न. मि. | ९८४७२६०४४९ |

**प्राविधिक तथा अन्य कर्मचारीहरू**

| नाम | पद | मोबाइल नं. |
|---|---|---|
| शिव रोका | सब इन्जिनीयर | ९८४९७९१६४७ |
| अस्मिता ढकाल | सब इन्जिनीयर | ९८४७०९७२६९ |
| हरिशचन्द्र पाण्डे | अ.स. इन्जिनियर | ९८५७०२३६२९ |
| महेश आचार्य | अ.स. इन्जिनियर | ९८४५९४१३४० |
| सिर्जना भुसाल | अ.स. इन्जिनियर | ९८६७८२९४१६ |
| अनिल पुन | अ.स. इन्जिनियर | ९८४०४९७९९० |
| सुरज जैसवाल | अ.स. इन्जिनियर | ९८११५७३९१३ |
| सुरेन्द्र कडायत | अ.स. इन्जिनियर | ९८६३११२२५८ |
| जय प्रकाश थापा | खा.पा.स.टे. | ९८४४८३२४१४ |
| हरि पौडेल | वास सहजकर्ता | ९८६७२३७७७७ |
| तिल बहादुर राना | खानेपानी प्रा. | ९८४७१६३९१० |
| लक्ष्मण वि.क. | नायब प.से.प्रा. | ९८४७२३५९८६ |
| पदम आचार्य | स.क.अ. | ९८५७०६३०४९ |
| धुब्रराज खनाल | एम.आई.एस. अ. | ९८६७०३२४६७ |
| अमृता बि.क. | फिल्ड सहायक | ९८४७१०९८१९ |
| सुवास चौहान | सु.भा. | ९८४७३१३७३७ |
| **सहयोगी कर्मचारीहरू** | | |
| हेमराज खनाल | का. स. | ९८५७०६३४६४ |
| रुक्मागत बन्जाडे | का. स. | ९८४७१८२३४९ |
| महेन्द्र वि.क. | हे. स. चा. | ९८४७४३८५३० |
| मणिराम घिमिरे | ह. स. चा. | ९८६७७४६३५३ |
| शोभाखर खनाल | का. स. | ९८६९२९९२७२ |
| गोमा पौडेल | का. स. | ९८४७३८०८२१ |
| विष्णु प्र. खनाल | का. स. | ९८६७७६३८६३ |

## सुरक्षा निकाय र हुलाक सेवाका कर्मचारीहरू

| | | |
|---|---|---|
| मदन ठाकुर, प्र. नि. | इ.प्र.का. खन | ९८५७०९०९०६ |
| गोपाल चन्द, प्र.स.नि. | प्र.चौ. हंसपुर | ९८४७९२२५३८ |
| गिताराम भुसाल, प्र.ना.नि. | प्र.चौ. अर्घातोष | ९८५७०९००७१ |
| वलराम शर्मा खनाल | खन इ.हु.का. | ९८४७३१४४४४ |
| विष्णु पराजुली | हंसपुर इ.हु.का | ९८४७३१२८६३ |
| प्रभा खनाल | खनदह अ.हु. | ९८६७२००६०७ |
| विष्णु खड्का खनाल | गोखुङ्गा अ.हु. | ९८६७१८०३७१ |
| डबल प्रसाद भुसाल | बाँगी अ.हु. | ९८४७४५९१२६ |
| चन्द्रमणि आचार्य | मरेङ्ग अ.हु. | ९८४७१९७५०५ |



प्रदेश एक्स्पोमा गा.पा.को स्टल मुख्यमन्त्रीबाट अवलोकन




मालारानी मन्दिर क्षेत्रमा बोरिङ्ग खा.पा.को शुभारम्भ



सुत्केरीहरूलाई पौष्टिक आहार वितरण कार्यक्रम



आठौँ गाउँसभामा सहभागी जनप्रतिनिधिहरू



वडा नं. ६ मा सम्पन्न सिंढीको अनुगमन



कार्यालयमा प्रजातन्त्र दिवस मनाइदै



वडा नं. २ मा सम्पन्न मोटरबाटोको अनुगमन



वास योजना निर्माणका लागि गणकहरूलाई तालिम


मालारानी गाउँपालिका
N
W
E
S
प्यूठान जिल्ला
झिमरुक गाउँपालिका
मदाने गाउँपालिका
गुल्मी जिल्ला
धुर्कोट गाउँपालिका
छत्रदेव गाउँपालिका
सन्धिखर्क नगरपालिका
भूमिकास्थान नगरपालिका
गोखुङ्गा
९
हंसपुर
८
बामरुक
७
रतनमारे
६
बाँगी
५
खनदह
३
खन
४
डाँडाकटेरी
२
मरेङ्ग
१
HP
H
जनसंख्या : २८०४४
महिला : १६१७५
पुरुष : ११८६५
संकेत
गा.पा. केन्द्र
वडा कार्यालय
नेपाल टेलिकम टावर
मन्दिर
स्वास्थ्य चौकी
सा.स्वा.क्लिनीक
एनसेल टावर
मोटरबाटो